
Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १७, २०७७ साल मंसिर ९ गते मंगलबार (Nov 24, 2020) www.janaakash.com.np मूल्य रु १०।-








# नेपाल उद्योग बाणिज्य महासंघको निर्वाचनमा कस्ले मार्ला बाजी ?

- चन्द्रप्रसाद ढकालले सारे समृद्ध नेपाल सुखी नेपालीको अवधारणा ।
- फुटवेयर म्यानुफ्याक्चरिङ एशोसिएसन अफ नेपालको ढकाल समुहलाई साथ ।।
- फ्रेड फरवार्डस एसोसिएशन लगायत देशभरीका उधोगी, ब्यवसायीहरुको समर्थन ।
- ७० हाराहारीका जिल्लाका प्रतिनिधिहरु ढकालको पक्षमा ।


चन्द्रप्रसाद ढकाल
बरिष्ठ उपाध्यक्षका उम्मेदवार


उमेशलाल श्रेष्ठ
बस्तुगत तर्फका उपाध्यक्षका उम्मेद्धार


रामचन्द्र साघाई
एसोसिएट्स तर्फका उपाध्यक्षका उम्मेद्धार


गुणनीधि तिवारी
जिल्ला नगर तर्फका उपाध्यक्षका उम्मेद्धार

काठमाडौं । आसन्न हुन गईरहेको ५४ औ साधारणसभा र निर्वाचनमा बरिष्ठ उपाध्यक्षमा कस्ले बाजी मार्ला भन्ने कौतुहलता र उद्योगीहरुबीचमा ब्यापक छलफल भईरहेका छन् ।

त्यसको नतिजा आउन केही दिन मात्र बाकी रहेको छ। उधोगीहरुको छाता संगठन उधोग बाणिज्य महासंघमा बरिष्ठ उपाध्यक्ष हुने ब्याक्ति नै स्वत अध्यक्ष हुने ब्यवस्था रहेको छ। त्यसकारण पनि बरिष्ठ उपाध्यक्षको पद निक्कै महत्वपुर्ण छ। यो समाचार तयार पार्दासम्म चन्द्रप्रसाद ढकाल नै बरिष्ठ उपाध्यक्षको गरिमामय पदमा बिजय हुने सम्भावना बढी छ।

नेपालका निक्कै चर्चित र सफल ब्यवसायी भईसकेका ढकाललाई नेपालका सफल र ब्यवसायीका अत्यन्तै हितैसी उमेशलाल श्रेष्ठको साथ रहेको छ। उमेशलाल श्रेष्ठ बस्तुगत तर्फका उपाध्यक्षका उम्मेद्धार हुन्। त्यसैगरी अर्का उधोगी रामचन्द्र साघाई जो त्रिवेणी ब्यापार ग्रुपका ब्यवसायी पनि हुन् उनको देशभरी ब्यवसायीहरु साथमा रहेका छन्। ति ब्यवसायीहरुको सहयोग चन्द्रप्रसाद ढकालको समुहलाई रहने बताइएको छ। रामचन्द्र साघाई एसोसिएट्स तर्फका उपाध्यक्षका उम्मेद्धार हुन। अर्का नामैले गुणनीधि तिवारी सवै गुणमा निपुण भएकै कारण गुणनीधि भएका नवलपरासिका फर्सिला र ब्यवसायीका हकहितमा नरात नदिन भनेर खट्ने हजारौ ब्यवसायीका सारथी गुणनीधिले पनि उत्तिक्कै साथ दिईरहेका छन्। गुणनीधि तिवारी जिल्ला नगर तर्फका उपाध्यक्षका उम्मेद्धार हुन्।

त्यसैगरी उधोग बाणिज्य महासंघमा आबद्ध बास्तविक ब्यवसायीहरु, उधोगीहरु कार्यसमितिको उम्मेद्धार धेरै ढकालको समुहवाट उम्मेद्धार भएका देखिन्छन्।

## चन्द्रप्रसाद ढकालले जित्ने चार आधार

माथि उल्लेखित भाईटल पोष्टका उम्मेद्धारहरु आफैमा पनि ओज भएका नेपालको औधोगिक क्षेत्रमा योगदान पु¥याएका उधोगीहरु भएको र सामाजिक, आर्थिक, अन्तराष्ट्रिय पारस्परिक

बाँकी ८ पृष्ठमा

# टोखाका कर्मचारी र जनप्रतिनिधिका कोरोना बीमा

काठमाडौं । टोखा नगरपालिकाले ४४८ कर्मचारी, जनप्रतिनिधि र स्वयंसेवकको कोरोना बीमा गरेको छ । काठमाडौँको उत्तरी क्षेत्रमा अवस्थित टोखाले पछिल्लो समय बढ्दै गएको कोभिड–१९ को संक्रमणलाई ध्यानमा राख्दै तिनलाई रू एक लाख बराबरको बीमा गरेको हो । कोरोना बीमा गर्नेमा ६० जनप्रतिनिधि, १८२ कर्मचारी र २०६ कोभिड स्वयंसेवक छन् ।

नगरपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख ज्ञानबहादुर अधिकारीले टोखाका सबै जनप्रतिनिधि, कर्मचारी र कोभिड स्वयंसेवकको रू एक लाख बराबरको कोरोना बीमा गरिएको जानकारी दिनुभयो । टोखाले कोरोना बीमाका लागि रू दुई लाख ३५ हजार ६६० खर्च गरेको छ ।

यस्तै नगरपालिकाले हालसम्म कोरोना नियन्त्रण, रोकथाम र उपचारका लागि रू चार करोड ७५ हजार ७७३ खर्च गरेको छ । टोखाले विपन्न परिवारको राहतका लागि रू एक करोड ४१ लाख ११ हजार ३६५, कन्ट्याक ट्रेसिङका लागि रू ३५ हजार, स्वयंसेवक, खाना तथा खाजा र अनुगमनका लागि रू १७ लाख ९८ हजार ३७० र होम आइसोलेशन पोषण भत्ताका लागि रू २६ लाख ४० हजार ३०० खर्च गरेको छ ।

यस्तै प्राविधिक र सुरक्षाकर्मी सरसफाइ पारिश्रमिक रू पाँच लाख ४३ हजार ५०२, सूचना सन्देश प्रसारणका लागि रू चार लाख २९ हजार ७८६, आइसोलेशन सामग्रीका लागि रू २६ लाख ८४ हजार ७१८, आइसोलेशन वार्डमा शय्या खर्च रू नौ लाख ६६ हजार ८०५, आइसोलेशन र क्वारेन्टिनमा खाना तथा खाजाका लागि रू १३ लाख ७८ हजार ३८२ र जोखिम प्रोत्साहन भत्ताका लागि रू एक करोड ८० हजार ९७९ खर्च भएको छ ।

यसैगरी ह्याण्ड वास स्टेशन निर्माणका लागि रू सात लाख ३२ हजार ३२१, मास्क, क्लोरिन, स्यानिटाइजर, पिपिइ र

बाँकी ८ पृष्ठमा

# रविन श्रेष्ठ बस्तुगत कार्यसमितिमा पुन: उम्मेद्वार

५३ औ साधारणसभामा बस्तुगत संघतर्फ उम्मेद्धार भई प्रतिस्पर्धा गरेका रविन श्रेष्ठले पुन: बस्तुगत संघतर्फको कार्यसमितिमा उम्मेद्धारी दिएका छन्। वर्तमान कार्यसमितिको निर्वाचनमा चारजनाको मतपरिणाम बराबर भएपछि फुटवेयर म्यानुफ्याक्चर्स अफ नेपालका निवर्तमान अध्याक्ष समेत रहेका रविन कुमार श्रेष्ठ लक्की डूवाट कार्यसमिति सदस्य बनेका थिए।

त्यो रोमाञ्चक र लक्की डूका भाग्यमानी रविन कुमार श्रेष्ठ अहिले बरिष्ठ उपाध्यक्षका उम्मेद्धार चन्द्रप्रसाद ढकाल उपाध्यक्ष क्रमश: उमेशलाल श्रेष्ठ, रामचन्द्र साघांई, गुणनीधि तिवारीको समुहवाट बस्तुगत संघको कार्यसमितिको लागि उम्मेद्धारी दिएका छन्।



बिगतको जस्तो संसयपुर्ण नहोस भनेर यतिवेला फुटवेयर म्यानुफ्याक्चर्स एसोसिएशन अफ नेपालको टिम नै रविन कुमार श्रेष्ठको समुहमा रहेका सवै पदाधिकारीहरुलाई जिताउन अग्रसर भएको फुटवेयर म्यानुफ्याक्चर्स एसोसिएशन अफ नेपालका अध्यक्ष कृष्ण प्रसाद फुयाँलले हमीलाई जानकारी दिएका छन्।

# ब्यवसायीहरुको मन जित्दै प्रकाश सिंह कार्की

नेपाल उधोग बाणिज्य महासंघको ५४ औ साधारणसभामा तथा निर्वाचनमा नेपाल फेट फरवार्डर्स एसोसिएशनका अध्यक्ष प्रकाश सिंह कार्की बस्तुगत कार्यसमितिमा उम्मेद्धार बन्नु भएको छ।

कार्की बरिष्ठ उपाध्यक्षका उम्मेद्धार चन्द्रप्रसाद ढकाल,उपाध्यक्ष उमेशलाल श्रेष्ठ,को समुहवाट कार्य समितिमा रहेको भएपनि धेरै ब्यवसायीहरुको मन जित्न सफल कार्कीलाई सवै ब्यवसायीको समर्थन रहेको उहालाई नजिकवाट चिन्ने ब्यवसायीहरुले बताउन थालेका छन्।


नेपाल उधोग बाणिज्य महासंघको बिधानत बस्तुगत तर्फ १४ सदस्य कार्यसमिति हुन पाउने ब्यवस्था रहेको छ। तर ३० जना उम्मेद्धार रहेका छन्। त्यसमध्य प्रकाश सिंह कार्की ब्यवसायीहरुको प्यारो भएको र



कार्कीलाई सर्वसहमत बनाउनु पर्छ भन्नेहरु धेरै रहेका छन्। तर आकांछीहरु धेरै भएकै कारण सर्वसहमति हुन नसके पनि लोकतान्त्रिक बिधिमा जानुपर्दा कार्की बस्तुगत कार्य समितिमा अग्रस्थानमा आउने अनुमान अहिले नै लगाउन थालिएको छ।

उनले हामीसँग कुरा गर्दै भने "मलाई जसरी बिगतदेखि सहयोग गर्दै आउनु भएका सवै ब्यवसायीहरुले यो पटक पनि माया गर्नुहुन्छ र म बस्तुगत कार्यसमितिमा गएर ब्यवसायीका हकहितमा काम गर्ने प्रमिबद्धता गर्दछु ।"

यतिवेला नेपाल उधोग बाणिज्य महासंघको निर्वाचनले ब्यवसायीहरुलाई निक्कै तताएको छ।

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# मेलम्चीको पानी छिटो ल्याउ

नेपालको निक्कै चर्चित र काठमाडौं उपत्यकाबासीहरुको तिर्खा मिट्ने सपना बुनिएको सिन्धुपाल्चोक जिल्ला भएर बग्ने मेलम्ची र लार्के खोलाको पानी झण्डै २७ किलोमिटरको सुरुङग खनेर काठमाडौंको सुन्दरीजलमा खसाली काठमाडौ उपत्यकाका मानिसहरुलाई पानीको अभाव पुर्ति गर्ने सपना देख्ने र योजना बनाउने स्वर्गीय पुर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति कृष्ण प्रसाद भट्टराईले देखेको सपना बिपनामा आफ्नो जीवनकालमा देख्न त सकेनान् तर काम शुरु भएको २८ बर्षमा समेत मेलम्चीको पानी काठमाडौमा खसाल्ने काम भने ८५ प्रतिशत कहिले ८८ प्रतिशत भईसकेको पटक पटक काठमाडौ खानेपानी लिमिटेडले सुचना जारी गरेको गऱ्यै गर्छ । तर त्यो सुचना जारी गरेको बषौ सम्म पानी काठमाण्डौ उपत्यकामा ल्याईपुऱ्याईदैन । ल्याई पुऱ्याएको छैन ।

त्यसकारण मेलम्ची खानेपानी योजनामा पानीमा झेल भईरहेको छ । मेलम्ची खानेपानी आयोजना शुरु भएदेखि अहिलेसम्म जो जो खानेपानी मन्त्री भए ति मन्त्रीहरुले काठमाडौमा घर घडेरी जोडिसकेका छन् तिनिहरुको घरमा त मिनिरल वाटर पुगेकै छ । तर सर्वसाधरण जो काठमाडौमा आएर सामान्यभन्दा सामान्य जीवन यापन गर्ने जसको सरदर दैनिक आम्दानी रु ५०/१०० कमाउने मानिसहरुको पानीको अभावमा तनाव कति भएको होला । त्यो भन्दापनि सामान्य आय भएका परिवारका सुत्केरी भएका आमाहरुले बालबच्चाको कबडा धुन सुद्ध पिउने पानी अभावमा कति तड्पिनु परेको होला । तिर्खा लाग्दा पिउन देखि कबडा धुन सम्म मानिसहरुलाई नभई नहुने महत्वपुर्ण पानीलाई किन यसरी झेल गरिदै छ । हिजोका दिनमा जो जसले झेल र खेल खेलेर खानेपानी माथिको राजनीति गरे त्यो पुरानो चलन हो । अहिले नयाँ चलन भनेको २०७२ मा बनेको नयाँ संविधानको आधारमा टेकेर बनेको सरकारको मातहतमा रहेको खानेपानी मन्त्रालयले नयाँ सोच राखेर उपत्यकाकामा रहेका खानेपानीको अभावलाई बिशेष गरेर जो निम्न बर्ग छन् उनिहरु सुद्ध खानेपानीको अभावमा आरस्यानिक पानी पिउन बाध्य छन् । जसले रोग उत्पन्न गराउछ ।सरुवा रोग उत्पन्न भयो भने भोलि मिनिरल वाटर पिउनेलाई पनि सर्न सक्छ । को बाकी रहन्छ ।

त्यस्तै देशभरी बिभिन्न ठाउँहरुमा पनि खानेपानीको अभाव भईरहेको छ । ति नेपाली नागरिकहरुले सुद्ध पिउने पानी पाउनुपर्ने हक छ । तर त्यो कागजमा लेखिएको पानामा मात्र सिमित रहेको छ । यस्तै नेपालमा सत्ता, सरकार जे परिवर्तन भएपनि सामान्य गरिखाने वर्ग जो यो देशमा बस्छ उसको आफ्नो भन्ने नै मेहनत र नेपाली समाज हुन्छ । उनिहरुको पक्षमा कहिल्यै कुनै सरकार नभएको आभास हुने गरेको छ । तिनिहरुको लागि पनि यो वर्तमान सरकारले काम गर्नुपर्ने हो । तर त्यसतो देखिदैन । त्यही सरकारको मातहतमा रहेको खानेपानी मन्त्रालयले पनि काठमाडौ उपत्यकामा रहेका झण्डै ६० लाँख मानिसहरुलाई सुद्ध खानेपानी पुऱ्याउन काम गर्नुपर्ने ठाउँमा राजनीतिक झेल गरिरहेको देखिन्छ । त्यसैले अरु बिषय जे जस्तो भएपनि खानेपानी जस्तो सवेदनशील बिषयमा झेल नगरि मेलम्ची खानेपानी छिटो भन्दा छिटो काठमाडौ उपत्यकामा ल्याउनु जतिको पवित्र काम अरु हुन सक्दैन ।त्यो काम जिम्मेवार निकायले गरेर जनताको मन जित्नु पर्दछ ।

किनकी काठमाडौ उपत्यकामा चैत्र, बैशाष, जेष्ठ खानेपानीको असाध्यै अभाव हुने महिनाहरु हुन् यि महिनाहरु आउनु अगावै मेलम्ची काठमाडौमा ल्याएर तिर्खाएका मानिसहरुलाई पानी पियाउन सक्यौ भने त्यो जतिको महानता अरु हुन सक्दैन । त्यसैले मेलम्ची छिटो ल्याउ ।

# उपभोक्ता ठगिने बजार

डा. सुरेश आचार्य

छठ चाडको समापनसँगै बहुसत्त्यक नेपालीका यस वर्षका ठूला चाडबाड सकिएका छन । त्यसो त नेपालमा हरेक महिनाजसो चाडबाड परिरहेकै हुन्छन । सामान्यतः मकर संक्रान्तिबाट चाडहरु प्रारम्भ हुने, साउन संक्रान्तिबाट चाडहरूले तीव्रता पाउने र छठमा आइपुगेर चाड समापन हुने देखिन्छ । सूर्यको अवस्थिति पनि साउनबाट बिस्तारै दक्षिणायण र माघबाट उत्तरायण हुने गर्छ । मकर संक्रान्ति अघि नै आउने धान्य पूर्णिमा कृषिप्रधान मुलुकको अर्को ठूलो चाड हो । यही दिन नेवार समुदायले योमरी पुन्ही, तमू समुदायले ल्होसार र किरात र लिम्बू समुदायले उँधौली चाड मनाउने गर्छन । जनकपुरको जानकी मन्दिरमा मनाइने विवाहपञ्चमी पनि यहीबीचमा पर्छ । हिन्दु र वैष्णव सम्प्रदायले समेत विशेष रूपमा मनाउने ठूलो एकादशीका रूपमा चिनिने हरिबोधिनी एकादशी पनि यसै अवधिमा पर्छ । तर, यो आलेखमा साँस्कृतिक पक्षको विश्लेषण गर्न खोजिएको होइन । न त अरु चाडबाडका महत्वलाई कम आँकेर सबै चाड सकिए भन्न खोजिएको नै ।

चर्चाको विषयचाहिँ चाडबाडमा नागरिकले खेप्नुपर्ने मारको सन्दर्भ हो । आफना संस्कृतिविशेषका हरेक चाड खर्चिलो हुने गर्छन । दसैँ र तिहारचाहिँ अधिकांश नेपालीले मनाउने चाड भएको र लामो दिनसम्म चल्ने चाड भएकाले अझ खर्चिलो हुन्छ । दसैँमा नयाँ नाना, मीठो खाना, आशिषका लागि अतिथिहरूको ओइरो लाग्ने कारण पनि स्वाभाविक रूपमा हरेक परिवारको खर्च बढेकै हुन्छ । लक्ष्मीपूजामा गरिने दीपावली र भाइटीकामा उपहार, मसला र मिठाइले तिहारलाई पनि महँगो बनाइदिएको छ । चाडबाडमा मानिसलाई गच्छेअनुसारको व्यवहार गर्नुपर्छ त भनिँदै आएको छ । तर, समाजअनुसार चल्नुपर्ने बाध्यताका कारण भन्न जति सजिलो छ, व्यवहार त्यति सहज हुँदैन । मानिसहरु ऋण लिएर भए पनि चाडबाड मान्न बाध्य छन ।

यही बेलालाई व्यापारीहरूले वर्ष दिनको कमाइ गर्ने मौकाका रूपमा लिएका हुन्छन । वस्तुको विनिमयबाट हुने लाभ यो समयमा स्वाभाविक हो । कुनै परिवारले अरूबेलाभन्दा दसगुणा बढी खर्च गर्छ भने व्यापार व्यवसायमा लागेकाहरूले पनि त्यही अनुपातमा लाभ प्राप्त गर्नु स्वाभाविक हो । तर, प्रश्न यत्तिमा सीमित हुँदैन । चाडबाडका समयमा बजार मूल्यको कुनै सीमा नै हुँदैन यहाँ । वस्तु किन्नैपर्ने बाध्यताको फाइदा उठाएर व्यापार गर्नेले १२ महिनाको मात्र होइन, ३२ महिनाको आम्दानी गरिरहेका हुन्छन । भलै यसपटक कोभिड(१९ का कारण न क्रेताको क्षमता त्यति धेरै रह्यो, न बिक्रेताहरूलाई नै त्यो अवसर मिल्यो । तर जहाँ मौकाको फाइदा लिन सकिने थियो, त्यहाँ कसैले छाडेन ।

नियमित रूपमा कालो बजारी गर्दै आएकाहरूलाई न कोभिडले रोक्यो, न नागरिकको क्रय शक्तिले फरक पाऱ्यो । यसपटक दसैँ बजारमा देखिएको एउटा सकारात्मक पक्ष हरेक दसैँमा झैँ यसपटक मासुको मूल्य बढेन । बरू घट्यो । माग र आपूर्तिबीचको सन्तुलनका कारण यस्तो भयो वा व्यापारीले क्रेताको क्षमताप्रति दयाभाव राखे, मासुको दसैँ महँगो परेन । तर, स्वदेशमा उत्पादित अरु वस्तुको बजार भाउ यति आकासियो कि टोपी लगाउने ग्राहकको त टोपी नै खस्यो, टोपी नलगाउनेका आँखा एकैपटक तालुमा पुगे । धार्नीको सय रूपियाँको हाराहारीमा चलिरहेको आलुको मूल्य तीन सय रूपियाँसम्म पुग्यो । सरकारले दसैँ पसलबाट ७० रूपियाँ किलो चिनी बिक्री गरिरहँदा अरु व्यापारीले ८५ रूपियाँमा एक पैसा घटाएनन । बरू बजारमा दानादार चिनीको अभाव देखाएर ओसिएको चिनी बेचिछाडे । एकातिर चिनी बिक्री भएन भनेर उखु किसानलाई मिल मालिकले वर्षौंसम्म पैसा दिइरहेका छैनन्, अर्कातिर गुणस्तरहीन चिनी बजारमा पठाएर चर्को मूल्यमा उपभोक्ता ठग्न छाडिएको छैन । एकातिर सरकारलाई दबाब दिएर मिल मालिकहरु चिनी आयातमा रोक लगाउँछन्, अर्कातिर अन्तर्राष्ट्रिय मूल्यभन्दा चर्को मूल्यमा किन्न उपभोक्ता बाध्य छन ।

राज्यको दृष्टिमा कुनै नागरिक सम्पन्न वा विपन्न हुँदैन । करयोग्य सम्पत्ति भनेर सरकारले सीमा निर्धारण गरेर कुनै नागरिक सम्पन्न र विपन्न भनेर छुट्याउनेसम्म मात्रै हो । करयोग्य आम्दानी गर्नेले सरकारलाई कर तिर्छ । कमाउन नसक्ने नागरिकले कर तिर्नुपर्दैन । बजारमा धेरै पैसा हुनेले ठूलै रकमको वस्तु किन्छ, कम हुनेले त्यहीअनुसारको । तर, कुनै पनि वस्तुको मूल्य कसैका लागि कम वा बढी हुन सक्दैन । विपन्नहरूका लागि राज्यले दिने सुविधा सम्पन्नले तिरेको करबाट हो, मूल्यमा दोहोरोपन कायम गरेर होइन । राज्यले खडा गरेका पसलमा ७० रूपियाँमा चिनी लैजाऊ भनिरहँदा विपन्न भएको प्रमाण लेऊ भनेन, केवल मानिसले अनावश्यक रूपमा मौज्दात नराखून् भन्ने ध्येयमात्रै राख्यो । तर, मैले ७० मा दिन सक्ने चिनी तिमी किन ८५ लिइरहेका छौ भनेर व्यापारीलाई राज्यले सोध्नु आवश्यक ठानेन ।

तिहारका सामानको बजारमा कुनै मूल्य नै हुँदैन । वर्षौंदेखि यस्तै चल्दै आएको छ । साँस्कृतिक हिसाबले अत्यावश्यक मानिने एक पाउ बिमिरोको किन सय रूपैयाँ तिर्नुपर्ने ? न यो खान मिल्छ, न यसको अरु उपयोगिता हुन्छ तर बजारमा यसको मूल्य व्यापारीको मुखमा निर्भर रहन्छ । अरु त अरु, बिमिरो भनेर त्यत्रै आकार वा तौलको निबुवालाई समेत त्यही मूल्यमा बेचेर साँस्कृतिक मूल्य–मान्यतामाथि प्रहार गर्ने व्यापारीलाई पनि यो देशमा छुट छ । के एक किलो निबुवाको मूल्य पाँच सय रूपियाँ किलो पर्नुपर्ने हो ? मसला र फलफूलको मूल्य पनि यही प्रकृतिको हुन्छ । आज ८० देखि एक सय रूपियाँ दर्जन हालेको उही आकार र गुणको केरा भोलि १३०–१५० रूपियाँ पर्ने कारण के ? यो कुन व्यापार सिद्धान्त हो ? के यति बेला मुलुकका राज्य संयन्त्रहरु ती ठाउँमा फेला पर्नुपर्ने होइन ? कि उनीहरु राज्यबाट पाएको गाडी सुविधाको सदुपयोग गर्दै परिवारका सदस्यको टोलीका साथ पर्यटन प्रवर्द्धन गर्न निस्कने हो ?

यसपटक तिहारमा लगाइने सयपत्री र मखमलीको माला महँगो भयो । यसका कारण कोरोनाका कारण भारतबाट आउने गरेको फूल खासै आएन । नेपालमा उत्पादन भएका फूलले बजार धानेन । माग र आपूर्तिका आधारमा बजारले गर्ने मूल्य निर्धारण प्रक्रिया यही हो तर फूल किसानले कति मूल्य पायो र बिक्रेताले कति नाफा कमायो ? यो प्रश्नले भने सन्तोष गर्ने ठाउँ दिँदैन । मौसमभरि दुःख गरेर उत्पादन गर्नेले जति पाउनुपर्ने हो, त्यो मूल्य किसानले पाउँदैनन । तर ,मेहनत र लगानीविनाका बिचौलियाले किसानले पाएकोभन्दा बढी मूल्य नाफा राखेर थोक बिक्रेतालाई दिन्छ । उपभोक्तासँग कारोबार गर्ने बिक्रेताले राख्ने मूल्यका कारण किसानले पाएकोभन्दा तेब्बर मूल्यमा कृषिउपज किन्न उपभोक्ता बाध्य छन । यो कुरा चाडबाडमा मात्र होइन, नेपाली नागरिकले दैनिक जीवनमा भोग्नुपरेको समस्या हो । तर, त्यही सामान भारत वा चीनबाट आउँदा सस्तो पर्छ । अन्यथा अभावको मूल्यसमेत जोडेर उपभोक्ताले किन्नुपर्छ । आयातीत वस्तु ढुवानी, भन्सारलगायतका कारणले महँगो पर्नुपर्ने होइन ? तर किन यस्तो भइरहेको छ ? मुलुकभित्र उत्पादित वस्तु आयातीत वस्तुभन्दा महँगो पर्छ भने मेरो राष्ट्रियता मेरा लागि महंगो पऱ्यो भनेर मान्ने हो ?

नेपालमा हिजो अस्थिर र कमजोर सरकारका कारण राज्य संयन्त्रले ठीक ढङ्गमा काम नगरेको र कानुनी शासनको प्रत्याभूति नागरिकले गर्न नपाएको विश्वास गरिन्थ्यो । बलियो सरकार आउनासाथ कानुनी राज्यको प्रत्याभूति नागरिकले गर्न पाउँछन् भन्ने आशा र अपेक्षा उनीहरूमा थियो । आज देशमा तीन तहका सरकार छन । स्थानीय तहदेखि नै वस्तुको मूल्य निर्धारण प्रक्रिया सुरू गर्ने हो भने शायद कमसेकम किसानले आफ्नो उत्पादनको मूल्य पाउन सक्थ्यो । स्थानीय बजारमा वस्तु विनिमयको अवस्था सिर्जना गरिदिए, बिचौलियाहरूले अनावश्यक फाइदा लिन पाउने थिएनन । उत्पादकदेखि उपभोक्तासम्म सामान पुग्दै गर्दा बीचका यति धेरै नाफाखोरहरु रहे, जसका कारण बजारमा निश्चित मूल्यमा वस्तु किन्ने अवस्था रहेन । यो कुनै ठूलो महाभारत उठाउनुपर्ने समस्या हो जस्तो देखिँदैन तर यो काम कुनै सरकार वा राज्य संयन्त्रले गर्दैन । आखिर किन ? नागरिकले यसको जवाफ कहिले पाउने ?

(लेखक नेपाल पत्रकार महासङ्घका पूर्व सभापति हुनुहुन्छ ।)

# चक्रपथ दोस्रो खण्ड विस्तारः खाली गर्ने काम ९७ प्रतिशत

काठमाडौं । चक्रपथको दोस्रो खण्ड कलङ्की– धोबीखोला (गोपीकृष्ण हल नजीक सम्मको सडक) विस्तारका लागि निर्माणस्थल खाली गर्ने काम ९७ प्रतिशत सकिएको छ । चीन सरकारले निर्माण शुरु गर्नु पहिले निर्माणस्थल खाली गरिसक्ने गरी सडकको अधिकार क्षेत्रमा रहेका संरचना हटाउने काम भइरहेको छ ।

सो सडकखण्डमा रहेका १९ घर हटाउने काम सबैभन्दा कठिन रहेको छ । तीमध्ये अहिलेसम्म आठ घरका घरधनी सम्पर्कमा आएको काठमाडौँ चक्रपथ सडक योजनाका प्रमुख अर्जुन सुवालले बताउनुभयो । उहाँका अनुसार ती घरको मुआब्जा निर्धारणका लागि बनेको उपसमिति दशैँ पहिले काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी जनकराज दाहालको नेतृत्वमा रहेको मुआब्जा निर्धारण समितिसँग बैठकमा बसेको थियो । तिहार पहिले प्रजिअ दाहाललाई कोभिड सङ्क्रमण देखिएकाले केही समयसम्म बैठक बस्न नसकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, छिट्टै बैठकमार्फत मुआब्जाको विषय टुङ्ग्याएर अघि बढ्नेछौँ ।

अहिले वडा कार्यालयबाट ती घरको विवरण मागिएकाले त्यसैका आधारमा मूल्याङ्कन गरेर काम अघि बढ्ने जनाइएको छ । नेपाल विद्युत् प्राधिकरणले हाइटेन्सन पोललाई मोनो पोल बनाएर हटाउन लागेको पनि सुवालले जानकारी दिनुभयो । सानो भऱ्याङ र कारखाना चोकमा बालाजुतर्फ जाने विद्युत्का लागि मोनो पोल बनाउन लागिएको हो । उहाँले भन्नुभयो, प्राधिकरणले ठेक्का निकाल्न लागेको छ, दुई महिनामा सकाउने तयारी छ ।

काठमाडौँ महानगर पालिकाले स्वयम्भू नजीकै रहेको चैत्य स्थानान्तरणका लागि प्रक्रिया अघि बढाएको छ । कामपाले ठेक्का अघि बढाएकाले केही समयमा सडकको अधिकार क्षेत्र खाली हुने उहाँको भनाइ छ । आयोजनाले यसअघि नै सडकमा रहेका रुख काट्न र बिजुलीका खम्बा हटाउने काम गरिसकेको छ । खम्बा सारेर पनि तार तान्न बाँकी रहेकाले अब चाँडै अघि बढाइने उहाँले बताउनुभयो ।

दुई महिना पहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सो सडकमा बाँकी संरचना हटाउनका लागि समन्वय गर्न विभिन्न निकायका प्रतिनिधिसँग बैठक गरेर जिम्मेवारी बाँडफाँट गरिएको थियो । चक्रपथको पहिलो खण्ड (कोटेश्वर-कलङ्की सडक) मा निर्माणका क्रममा विभिन्न अवरोध आएकाले चिनियाँ पक्षले निर्माणस्थल खाली भएपछि मात्रै काम शुरु गर्ने बताएको छ ।

कोटेश्वर-कलङ्की सडक निर्माण गरिएसँगै चीन सरकारले चक्रपथको दोस्रो खण्डका रुपमा कलङ्की-महाराजगञ्ज सडक विस्तारमा चासो देखाएको थियो । गोरखा भूकम्प पहिले नै कोटेश्वर-कलङ्की सडक विस्तारको काम शुरु भए पनि भूकम्प र त्यसपछि नाकाबन्दीका कारण समयमै निर्माण सम्पन्न हुन सकेको थिएन ।

सडकमा रहेका खानेपानीका पाइप, ढल, बिजुलीका खम्बा र रुख समयमै हटाउन नसकिएकाले पनि काममा बाधा पुगेको थियो । त्यतिबेला निम्तेका समस्या पहिले सल्टाएर मात्रै काम शुरु गर्न चिनियाँ टोलीले चाहेको छ ।

चक्रपथ दोस्रो खण्डमा दुई 'अण्डर पास', प्रत्येक किलोमिटरमा आकाशे पुल र मुख्य लेनका बीचमा डिभाइडर हुने गरी सडक विभागले प्रस्ताव गरेको छ । झण्डै आठ किलोमिटर लम्बाइको सडक विस्तारका लागि सरकारले सकेसम्म चाँडो निर्माणस्थल खाली गरेर हस्तान्तरण गर्ने गरी तयारी गरिरहेको छ । पहिलो चरणको विस्तारमा रहेको कमजोरी हुन नदिने गरी डिजाइन गरिएको विभागले जनाएको छ ।

आठ लेनको सडकमा कोटेश्वर-कलङ्की सडकमा जस्तै मुख्य चार र सहायक चार गरेर जम्मा आठ लेन नै रहने बताइएको छ । पहिलो चरणमा मुख्य सडकमा दायाँबायाँ सडक चिह्नले मात्रै छुट्याइएकामा अब डिभाइडर राखिने भएको छ । बालाजु चोकमा 'ओभर पास' र महाराजगञ्ज चोकमा 'अण्डर पास' निर्माण गरिने भएको छ । आठ लेनको सडकमा चार लेन अण्डरपास र चार लेन माथिल्लो सडकमा हुनेछ । सो सडकमा पैदलयात्रुलाई सडक पार गर्न प्रत्येक किमीमा एउटा आकाशे पुल निर्माण हुने भएको छ । सो सडकखण्डमा नौ आकाशे पुल निर्माण हुने गरी डिजाइन भएको छ ।

# अराजनीतिक आरोपपत्र निःशर्त फिर्ता भए विवाद सकिन्छ



**विष्णुप्रसाद रिमाल**
**नेता, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**

लोकतान्त्रिक आन्दोलनको सफलतासँगै नयाँ संविधान जारी गरिएपछि मुलुकमा स्थिरता र समृद्धिका लागि जनादेशप्राप्त सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नेतृत्व तहमा उत्पन्न पछिल्ला विवादले राजनीतिक क्षेत्र परिदृश्य तातिएको छ। कार्यकर्ता तहमा घर झगडाकै कारण पार्टी कतै विभाजनमा पुग्ने त होइन भन्ने संशय उत्पन्न भएको छ। गत निर्वाचनमा वाम गठबन्धनका माध्यमबाट करीब दुई तिहाइको जनादेशपछि जनभावनानुसार एकताबद्ध नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहित सचिवालयका पाँच सदस्यका असन्तुष्टि र आरोपपत्र सार्वजनिक भएपछि अब हुने सचिवालयको बैठकमा अध्यक्ष अध्यक्ष ओलीले प्रस्तुत गर्ने जवाफलाई प्रतीक्षाका साथ हेरिएको छ। यसै सन्दर्भमा नेकपा स्थायी कमिटी सदस्य एवं प्रधानमन्त्री ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णुप्रसाद रिमालसँग गरेको कुराकानीको सम्पादित विवरण :

***नेकपाको शीर्ष तहमा विवाद र अस्थायी सहमतिका क्रमहरु चलिरहेका छन्। अहिले अध्यक्ष एवं प्रधानमन्त्री ओलीमाथि घेराबन्दीको स्थिति किन सिर्जना भएको हो ?***

मेरो विचारमा प्रधानमन्त्री एवं अध्यक्ष ओलीविरुद्धको यो घेराबन्दी अहिले एकाएक आएको होइन। मूलतः यो घेराबन्दीको क्रम वर्तमान सरकारको दुई वर्ष पुगेको समय ( २०७६ फागुन ३ ) देखि यो वा त्यो रुपमा आरम्भ भएको देखिन्छ। त्यसपछि निरन्तर सरकारविरुद्ध पार्टीभित्रैबाट विरोधको शृङ्खला मुखरित भएको हो। बाहिर सतहमा आएका विषय हेर्दा सरकारलाई यसरी पार्टीभित्रैबाट विरोध गर्नुपर्ने र काम गर्न नदिनुपर्ने कुनै कारण छैन। ती विषय छलफल गरेर हल गर्न सकिन्छ। अहिले देखिएको विरोध र आरोपपत्रमा अराजनीतिक आग्रह, आवेग र कुण्ठा मिसिएको छ। समस्या वा कमजोरी छन् भने बसेर छलफल गर्न सकिन्छ तर आवेग मिसिएको विरोधको नियत सही हुँदैन। त्यो एकताको भावनाविरुद्ध हुन जान्छ। खासगरी तत्कालीन दुई पार्टी गठबन्धनका हैसियतले गत निर्वाचनमा जाँदा आमकार्यकर्ता एकै पार्टीसरहका हिसाबले प्रचारमा खटेर लागेको भुल्नु हुँदैन। जनमतमा पनि त्यही भावना प्रकट भयो। शायद यही भावनामा टेकेर दुई अध्यक्षले एकताको आवश्यकता र औचित्यबारे आआफ्ना केन्द्रीय कमिटीमा प्रस्ताव राख्नुभयो र एकता भयो। एकता गरिरहँदा त्यहाँ लोकप्रिय मतका आधारमा पूर्वघटकको हिस्सा सुनिश्चित गरेर कुनै भागबण्डा गरिएन। स्थानीय तहको निर्वाचनको मत परिणाम पनि हिसाब गरिएन। यसमा केवल दुई धारको एकता हो र यसमा मन मिलाएर जानुपर्छ भन्ने भावनाले प्राथमिकता पायो। नेता वा सदस्यको टाउको गन्ती गरेर, बहुमत वा अल्पमत मिलाएर त्यसबेलाको 'स्ट्रेन्थ' का आधारमा गरिएको एकता यो होइन। हिसाब नै गरिएको भए गत सङ्घीय निर्वाचनमा समानुपातिकतर्फ तत्कालीन नेकपा ( एमाले) ले पाएको ३३ लाख र तत्कालीन नेकपा (माओवादी केन्द्र) ले पाएको ११ लाख हाराहारीको मतलाई आधार मान्ने हो भने ७५/२५ प्रतिशत हिस्साका आधारमा एकता गरिन्थ्यो होला तर त्यसो नगरी ६०/४० प्रतिशतको हाराहारीमा कमिटी बनाइए। यो एकता विगतमा भएका कम्युनिष्ट पार्टीका एकता वा परम्परागत कम्युनिष्ट पार्टीको ढाँचाभन्दा पृथक किन पनि छ भने यसमा केही मौलिक विधि र विधान बनाइएका छन्। जस्तो, दुई अध्यक्षको व्यवस्था गरिएको छ। यसमा जनवादी केन्द्रीयताअन्तर्गत अल्पमतले बहुमतको निर्णय मान्ने आदि विषय अहिलेलाई थाँती राखिएका छन्। एकता महाधिवेशनसम्म सबै निर्णय सहमतिमा गर्ने भनिएको छ। विसं २०७५ जेठ ३ मा एकता घोषणा हुँदा दुई वर्षभित्र गरिने महाधिवेशनमा पनि सहमतिकै आधारमा नेतृत्व चयन गर्ने भनिएको थियो। हामीले तोकिएका समयमा एकताका काम पूरा गर्न सकेनौँ र कोभिड-१९ लगायत कारण दुई वर्षभित्र गर्ने भनिएको महाधिवेशन आगामी चैत मसान्तमा गर्ने गरी गत भदौ २६ गतेको स्थायी कमिटी बैठकले निर्धारण गरेको छ। सोही बैठकले पार्टीभित्रका विवाद समाधान गरेर भदौ २९ मा दुई अध्यक्षको हस्ताक्षरमा अन्तरपार्टी निर्देशन जारी भएको हो।

***स्थायी कमिटीका निर्णयको पालना हुनुपर्नेमा एक महिना नबित्दै विवाद किन सतहमा आए ?***

मैले भनेँ कि, हाम्रो पार्टीमा एकतापछि यसको सञ्चालनका आफ्नै विधि छन्। यसका अन्तरिम विधान र दुई अध्यक्षको सहमतिका आधारमा प्रस्ताव तयारी तथा निर्णय गर्ने विधि र अभ्यास छन्। यसबीचमा केही नेताहरु आफूआफू बसेर छलफल गर्ने अनि त्यसलाई पार्टीको बैठकमा ल्याएर गुटका आधारमा निर्णय गराउने शैलीमा उत्रनुभयो। अहिलेको उखडबाखड त्यही हो। एक अध्यक्षले अर्का अध्यक्षलाई लाञ्छित गरेर सचिवालयको बैठकमा पुष्टि हुन नसक्ने खालका लिखित आरोपहरु वितरण र प्रचार गर्ने गलत काम भयो। यसले पार्टीभित्रको सहमतिको विधि र मान्यता भत्काएको छ। यो विग्रहको बाटो भयो। यसरी जानु हामीले बाटो भुल्नु हो। आफूलाई पायक पर्ने हिसाबले बहुमतको खोजी वा टाउको गन्ती गरेर निर्णयलाई प्रभावित गर्ने कामप्रति स्थायी कमिटी र केन्द्रीय कमिटीका अधिकांश नेताहरु सहमत छैनन्। त्यसका आधारमा पार्टी एकता र सहमतिलाई तलमाथि पार्ने काम स्वीकार्य छैन।

तपाईंहरुलाई थाहै छ, एक वर्षअघि मङ्सिर ४ गते दुई अध्यक्षको सहमतिमा कार्यविभाजन भएको हो। अध्यक्ष ओलीले सरकारको नेतृत्वमा निरन्तरता र अध्यक्ष दाहालले पार्टीमा कार्यकारी अध्यक्षको भूमिकाका हिसाबले काम गर्ने भन्ने भएको हो। उक्त सहमतिको प्रतिबिम्बन गत माघ १४ देखि १८ गतेसम्मको केन्द्रीय कमिटीको बैठकमा देखियो पनि। केन्द्रीय कमिटीले समग्र पक्षको समीक्षा गरी सरकारका कामलाई प्रभावकारी बनाउने र राम्रा कामलाई जनस्तरमा लाने तथा पार्टीका सङ्गठनात्मक अभियान सञ्चालन गर्ने घोषणा गरिएको थियो तर फागुन लागेपछि जब सरकार गठनको दुई वर्ष पुग्यो, त्यसपछि सरकारविरुद्ध अविश्वास प्रस्ताव पेश गर्न संविधानले दिन्छ भन्ने खालका अखबारबाजी गरिए। केही साथीहरुले स्थायी कमिटी बैठकको माग गर्नुभयो। विरोधहरु सुनिन थाले। त्यसयता विश्वव्यापी महामारीका रुपमा कोरोना भाइरस हामीले सामना गरिरहेका छौँ। त्यहीबीचमा भएको स्थायी कमिटीको बैठकमा लामो छलफलपछि कार्यदल गठन गरी त्यसको सुझावका आधारमा भदौ २६ गतेभन्दा अगाडिका विवाद, कमजोरी र समस्यालाई 'कट अफ डेट' मानेर अघि बढ्ने भन्ने निर्णय भएको सबैलाई थाहा छ। अहिले पनि स्थायी कमिटीका अधिकांश नेताहरु त्यही निर्णयको कार्यान्वयनका पक्षमा हुनुहुन्छ। त्यस कारण उक्त निर्णयको पृष्ठभूमिमा विधि, पद्धति र नीति तथा कार्यक्रमभन्दा फरक ढङ्गले अहिले नयाँ बखेडा झिकिएको छ, यो नितान्त अराजनीतिक र औचित्यहीन छ। कार्यकारी भूमिकामा अध्यक्ष दाहालको जिम्मेवारी रहने भनिए पनि विधानतः दुवै अध्यक्ष कार्यकारी हुन्। दुवैको सहमतिविना कुनै पनि कार्यसूची तर्जुमा हुँदैन।

***अहिले पुनःविवाद देखिनुमा प्रधानमन्त्री ओलीका तर्फबाट केही कमजोरी छैनन् त ? जस्तो, मन्त्रिमण्डलको हेरफेर, राजदूत र विभिन्न नियुक्ति, भारतीय विशेष प्रतिनिधिसँगको भेटवार्ता आदिबारे किन यत्रो विवाद ?***

प्रधानमन्त्री ओलीले आफ्ना कमजोरी हुन सक्छन् र त्यस्ता कुराहरु भएमा समीक्षा गरौँ भन्दै आउनुभएको छ तर मन्त्रिमण्डलको हेरफेरबारे सचिवालय बैठकमा छलफल हुँदा मापदण्डका आधारमा दुई अध्यक्षले परामर्शमा गर्ने भन्ने भएको हो। अध्यक्षद्वयको छलफल हुँदा पुनःगठनका केही आधारहरु, जस्तो : सबै मन्त्रीहरु परिवर्तन गर्ने, दुई वर्ष कार्यकाल पूरा गरेकालाई बिदा दिने वा आवश्यकतानुसार थपघट गर्ने भन्नेबारेमा परामर्श भएको हो। प्रधानमन्त्रीले सचिवालय र स्थायी कमिटीमा रहेका आफूसरहका योगदान गरेका साथीहरु ( उपप्रधानमन्त्री ईश्वर पोखरेल र गृहमन्त्री रामबहादुर थापा) लाई हटाउने वा हटाएर पुनः ल्याउने काम नगरौँ भनी स्पष्ट पारिसक्नुभएको छ। सबै मन्त्री हेरफेर गर्ने भन्नेमा सहमति नभएपछि प्रधानमन्त्रीले रिक्त तीन मन्त्रालयका नियुक्ति गर्न प्रस्ताव गर्दा अध्यक्ष दाहालले अघिल्लो दिन 'गो अहेड' भन्नुभयो तर भोलिपल्ट बिहान आएर हाल अर्थमन्त्री मात्रै नियुक्त गर्न भन्नुभयो। त्यतिबेला तीनै जना मन्त्री नियुक्तिका लागि तयारी भएर राष्ट्रपतिसमक्ष नाम गइसकेको प्रधानमन्त्रीले जानकारी गराउनुभएको हो। अन्य मन्त्रीका हकमा दशैंतिहारपछि विचार गर्न प्रधामन्त्री तयार हुनुहुन्थ्यो। त्यसमा पटकपटक निर्वाचन जितेर मन्त्री नभएकालाई प्राथमिकता दिने भन्ने प्रधानमन्त्रीको प्रस्ताव थियो। यो छलफलकै क्रममा छ।

राजदूत नियुक्तिका सन्दर्भमा पनि परामर्श भएको हो भनेर प्रधानमन्त्री भनेका कुरा बाहिर पनि आइसकेको छ। डा युवराज अतिवडालाई संयुक्त राज्य अमेरिकाको राजदूतमा अध्यक्ष दाहालकै प्रस्ताव हो। निवर्तमान मुख्यसचिव लोकदर्शन रेग्मीलाई राजदूत बनाउने पनि सहमति र जानकारीमै भएकै हो। प्रधानमन्त्रीले परामर्श भएको हो भनिसकेपछि यति कुरामा उहाँले ढाँट्नुभयो होला भनेर कसरी भन्ने ? मन्त्रिपरिषद्मा अर्को एक जना पनि राजदूतका लागि सिफारिश आउँदा प्रधानमन्त्रीले यसमा परामर्श हुन बाँकी छ भन्नुभएको पनि मन्त्रीहरुबाटै आएको छ। यसको अर्थ प्रधानमन्त्रीले आफूखुशी वा एक्लै गर्न नखोजेको स्पष्ट हुन्छ। त्यही क्रममा समावेशिताका आधारमा पनि राजदूत नियुक्ति होस् भन्ने संसदीय सुनुवाइ विशेष समितिको निर्देशनसमेतका आधारमा दक्षिण अफ्रिकाका राजदूत तय हुन पुगेको हो। यसबारे पनि अर्का अध्यक्षलाई त्यतिबेलै सम्पर्क भएको मैले बुझेको छु।

***कतिपय नियुक्तिमा आफूखुशी भयो, अर्का अध्यक्षविरुद्ध लाग्नेलाई छानीछानी जिम्मेवारी दिइयो भन्ने गुनासो छ नि ?***

विभिन्न नियुक्ति गर्दा विषयगत ज्ञान र क्षमतालाई आधार बनाइएको हुन्छ। त्यसमा प्रधानमन्त्रीका आफन्त छन् भने मिडियाले नै खोजेर बाहिर ल्याउँदा हुन्छ। प्रधानमन्त्रीले पनि यसमा चुनौती नै दिनुभएको छ। अब सामाजिक सञ्जाल खोतलखातल पारेर हेर्ने काम हाम्रो होइन। क्षमताका आधारमा जिम्मेवारी दिने हो। कसको विरोधी को हो भनेर हेर्दै जाने हो भने प्रधानमन्त्रीविरुद्ध अविश्वास प्रस्ताव खल्तीमा बोकेर हिँड्नेलाई के गर्ने त ?

अर्को कुरा, हाम्रो सुधारिएको संसदीय व्यवस्थामा पार्टीको नीतिगत निर्देशनमा सरकारले ऐन, कानूनमा रहेर काम गर्ने हो। यहाँ अमेरिका तथा बेलायतमा जस्तो परम्परागत संसदीय अभ्यास वा चीनमा जस्तो पार्टीको पूर्ण कमाण्डमा सरकार चल्ने कम्युनिष्ट व्यवस्था छैन। हामीले यो पनि हेक्का राख्नुपर्छ।

***भारतीय विशेष प्रतिनिधिसँगको भेटका आधारमा प्रधानमन्त्री ओलीको राष्ट्रवादी छविमाथि पनि प्रश्न उठाइएको छ, यसमा किन यो हदको अविश्वास पैदा भएको होला ?***

विगतमा सरकार प्रमुख, पार्टी प्रमुख र वरिष्ठ मन्त्री भइसकेका नेताहरुका लागि यस्ता भेटघाटबारे बुझाइरहनुपर्ला जस्तो लाग्दैन। शिष्टाचार भेट गर्न आउने एउटा क्रम हुन्छ। अर्को, कुनै देशले प्रतिनिधिका रुपमा वार्ता वा छलफलका लागि पठाउने गर्छ। भारतीय स्वतन्त्रता दिवसका दिन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई हाम्रा प्रधानमन्त्रीले टेलिफोन गरेर शुभकामना दिने क्रममा दुई देशको सीमा विवादबारे छलफलको प्रस्ताव गर्नुभयो। जवाफमा मोदीले आफूले विशेष दूत पठाउँछु भन्दा प्रधानमन्त्रीले हुन्छ भन्नुभएको हो। अर्को देशका प्रधानमन्त्रीलाई आफूसँग भेट्न फलानो व्यक्तिलाई पठाइदिनू भनेर त भन्न मिल्दैन होला ! सोहीबमोजिम भारतीय गुप्तचर संस्था 'रअ' का प्रमुख सामन्तकुमार गोयल आएर भेटेर जानुभयो। त्यसबारे परराष्ट्र मन्त्रालयमा नोट टिपाइएको छ, भेटबारे सार्वजनिक जानकारी दिइएको छ। नेपाल र भारतबीचको सीमा विवाद समाधानमा एक प्रकारको वार्ताको थालनी भएको छ, यसमा त नेताहरुले सरकारको प्रशंसा गर्नुपर्ने होइन र ? यस्तो विषयमा प्रधानमन्त्री ओली जस्तो स्वाभिमान व्यक्तिको राष्ट्रवादमाथि हिलो छ्याप्न खोज्नु आफ्नै अनुहारमा कोपर्नुसरह हो। सीमा समस्या समाधान भएर प्रधानमन्त्रीको लोकप्रियता बढ्दा पार्टीको पनि लोकप्रियता बढ्ने होइन र ? अहिले अमेरिकाका विदेशमन्त्री माइक पोम्पियो कुनै बेला यहाँका खुफिया एजेन्सीका निर्देशक थिए, अनि के उहाँ आएर भेटवार्ता गर्नुभयो भने अमेरिकी गुप्तचर संस्थाका प्रतिनिधिलाई किन भेट्यो भन्ने ?

त्यसो त अहिले अराजनीतिक लाञ्छना र प्रश्न उठाउने नेताहरुको पृष्ठभूमि पनि हामी हेर्न सक्छौँ। बिरामी भएर उपचारको बहानामा सिङ्गापुरमा कसकसलाई भेटिएको थियो, भनिरहनु पर्ला र ? प्रधानमन्त्री ओलीले त्यस्तो सिरक ओढेर घिउ खाने काम कहिल्यै गर्नुभएन। उहाँ निष्ठायुक्त, खुला र पारदर्शी राजनीति गर्दै यहाँसम्म आइपुग्नुभएको हो। त्यसकारण आङ कन्याएर छारो नटकटक्याउन म नेताहरुलाई आग्रह गर्दछु।

***अब प्रधानमन्त्रीले सचिवालयमा दिने लिखित जवाफ कस्तो आउला ? त्यो जवाफले विवादलाई थप चर्काउला वा समाधानोन्मुख बाटो देला ?***

उहाँले सचिवालयमा जवाफ दिने भनिसक्नुभएको छ। त्यसलाई सचिवालयले अनुमति दिएको छ। उहाँले दिने जवाफमा अहिल्यै अन्दाज गरेर बोल्न उपयुक्त हुँदैन तर उहाँले मङ्सिर ३ गतेको बैठकमा पनि भनिसक्नुभएको छ, आफूविरुद्धको अराजनीतिक आरोपत्र अस्वीकार्य छ, छलफलका लागि योग्य नभएका त्यस्ता लाञ्छना पुष्टि हुँदा आफू अध्यक्ष र प्रधानमन्त्री दुवै पदमा बसिरहन मिल्दैन र यदि आरोप पुष्टि नभएमा आरोप लगाउनेले जवाफदेहिता लिनुपर्छ। फेरि पनि उहाँले मिलेर जाऔँ भन्नुभएको छ। आरोप लगाउने नेताहरुले त्यस प्रस्तावलाई मित्रताको ठाउँ राखेर ल्याउनुभएको हो वा वार कि पारको हिसाबले ल्याउनुभएको हो, पहिला त्यो स्पष्ट पार्नुपर्छ। त्यसकै आधारमा पार्टीको एकता र सहमतिको यात्रा तय हुन्छ। अध्यक्ष ओली पार्टी एकता र निष्ठाको पक्षधर हो। उहाँ विभाजन चाहनुहुन्न। उहाँले विगतमा पनि २०२८ सालदेखि धुजाधुजा भएको पार्टीलाई एकताबद्ध गर्न भूमिका खेल्नुभएको छ। लोकतन्त्रका खातिर उहाँ १५ वर्ष कठोर जेल जीवनमा बस्नुभयो। पञ्चायत सरकारका पक्षमा कुनै कागज गरिदिएको भए उहाँ रिहा हुन सक्नुहुन्थ्यो तर उहाँले आफ्नो मूल्य र मान्यतामा कुनै सम्झौता गर्नुभएन।

***नेकपाको विवादमा विदेशीको चासो र हस्तक्षेप भएको टिप्पणी पनि सुनिन्छ नि ?***

यसमा मेरो भनाइ के छ भने हामीले आफ्नो शक्ति र हैसियतमा विश्वास नगर्दा यस्ता टिप्पणी आएका हुन्। विदेशी हस्तक्षेप केका लागि आवश्यक छ र ? अध्यक्ष पार्टीले चयन गर्ने हो, प्रधानमन्त्री संसद्ले बनाउने हो। विगतमा भारतले यहाँको 'माइक्रो म्यानेजमन्ट' गरेको भनिन्थ्यो "अब नगर" भनेका होइनन् र नेताहरुले ? कुनै मुलुकले त्यस्तो हस्तक्षेप सोचेको छ भने छाड्नुपर्छ। प्रधानमन्त्रीले सरकारविरुद्ध कसको इशारामा कोको लागेको भनेर बोल्नुभयो। समयक्रमले बताउला पनि भन्नुभयो तर हामी हाम्रो व्यवस्थापन गर्न आफैँ सक्षम छौँ भन्ने विश्वास सबैमा हुनुपर्छ।

***पार्टीभित्र विवाद बढ्दै जाँदा स्थायी कमिटी र केन्द्रीय कमिटीमा मत विभाजन हुने स्थिति भएमा के हुन्छ ?***

यसबारे अब बस्ने सचिवालयको बैठकमा नेताहरुले सुझबुझपूर्ण निर्णय गर्नुहोला। लाञ्छनापत्र ल्याएर एकताको आधार भत्काएको हो कि होइन, स्पष्ट पार्नुहोला। प्रधानमन्त्रीले पनि भन्दै आउनुभएको छ एउटा अध्यक्षको निवासलाई गुटको हेडक्वार्टर नबनाऔँ भनेर। पार्टी निर्णयलाई गुटको मातहमा नपार्न त स्थायी कमिटीले निर्देश गरिसकेको छ।

बैठकमा एकलरुपमा प्रस्तुत अराजनीतिक आरोपपत्रका आधारमा उत्पन्न विवाद हल गर्न त्यो पत्र निःशर्त फिर्ता हुनुपर्छ। एकल प्रस्ताव बैठकमा कसैले पनि लान पाउँदैन। सचिवालयले दुवै अध्यक्षलाई संयुक्त प्रस्ताव ल्याउन भन्नुपर्ने हो। एकता भङ्गको प्रयत्न कसैले पनि गर्नुहुन्न।

***पार्टीले बहुमतका आधारमा प्रधानमन्त्रीलाई फिर्ता बोलाउने निर्णय गर्ने भन्ने तयारी पनि सुनिन्छ नि ? त्यस्तो भएमा प्रधानमन्त्रीको विकल्प के हुन्छ ?***

विग्रहको स्थितिमा जाँदा के हुन्छ भनेर अहिले आकलन नगरौँ। मूलतः त्यो लाञ्छनापत्र अध्यक्ष दाहाल जस्तो त्यो तहको नेता आफैँले लेखेको हो वा उहाँलाई त्यस्तो लेख्न कसैले फसाएको हो, त्यो पनि स्पष्ट हुनुपर्छ।

***अध्यक्ष दाहालले अब त्यागको पालो प्रधानमन्त्रीको भन्नुभएको र आफूलाई पटकपटक अपमानित गराइएको कुरा पत्रमा उल्लेख गर्नुभएको सन्दर्भ के हो ?***

पार्टी अध्यक्ष भइसकेका व्यक्तिले सानो र कच्चा चित्त राखेर हुँदैन। कसको कुर्सी कता फर्कियो ? कसको रुमाल कता खस्यो भन्ने जस्ता कुराहरुको हिसाब गरेर बस्नु हुँदैन। अपमान र त्यागका कुरा उठ्दा मैले अघि पनि भनेँ कि हामी सहमतीय आधारमा छौँ। लोकप्रिय मतका आधारमा हिस्सेदारी वितरण गरेका छैनौँ। राष्ट्रपति एक धार र उपराष्ट्रपति अर्को धार, सभामुख र उपसभामुख पनि दुई पक्षले मिलेर लिएको बिर्सन मिल्दैन।

***पार्टीले महाधिवेशनको तयारी त गरिरहेको छ तर नेकपामा वरिष्ठ नेताहरु धेरै भएर तिनको व्यवस्थापनमा समस्या भएको पनि देखिन्छ, सँगसँगै पुस्तान्तरणको कुरा पनि आएको छ। दोस्रो पुस्ता कुनै गुटभन्दा माथि गएर नेतृत्व लिन तयार छ ?***

यो अबको बहसको विषय हो। तत्कालीन एमालेमा पार्टी वा सरकारको कार्यकारी पदमा दुई कार्यकालसम्म रहन पाउने भन्ने विधि बनाइएको थियो। साथै सक्रिय राजनीतिका लागि ७० वर्षे उमेर हदबन्दी पनि थियो। विगतमा मैले नेतृत्व गरेको ट्रेड युनियन महासङ्घ (जिफन्ट) मा त ६० वर्षे उमेर हदबन्दी कार्यान्वयन भएको थियो। नेकपा गठनपछि ती प्रावधान हटाइए। अबका दिनमा पुस्तान्तरण गर्न जरुरी छ, दोस्रो पुस्ता तयार हुनुपर्छ। यसको छिनोफानो महाधिवेशनले गर्नेछ।

## एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड सम्मानित

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. उत्कृष्ट कर सहभागिता गरेको विधामा सम्मानित भएको छ । जाजरकोटमा २०७७/०८/०७ मा आयोजित एक कार्यक्रमका बिच एन आई सी  एशिया लघुवित्त वित्तीय संस्थालाई प्रमुख कर अधिकृत श्री डा.राम प्रसाद मैनालीले सम्मानीत गर्नुभएको हो । जाजरकोट जस्तो विकट जिल्लामा केन्द्रिय कार्यालय रहेर पनि देशभर व्यवसायिक सेवा सुविधा प्रदान गरिरहेको एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वोत्कृष्ट आयकर सहभागिता जनाई उत्कृष्ट भएको हो ।

कर्णाली प्रदेशको विकट जिल्ला जाजरकोटमा केन्द्रिय कार्यालय स्थापना गरी देशैभरि शाखा संचालन विस्तार गरि छोटो अवधिमा नै सरकार प्रतिको दायित्वमा आयकर मार्फत उत्कृष्ट योगदान गर्न सफल भएकोमा एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड गौरवान्भित भएको छ ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

संस्थाले हालसम्म संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत करीव रु ११ लाख र आयकर अन्तर्गत करीव रु. ८ करोड ४६ लाख गरि राजस्वमा जम्मा रु ८ करोड ५७ लाख योगदान गरेको छ । दुर्गम स्थानबाट सेवा प्रदान गरी यति धेरै योगदान राजश्वमा गर्न सकिएकोमा एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. गौरवान्वित भएकोछ ।

यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडले स्थापना भएको छोटो समयमा नै लघुवित्त क्षेत्रमा उच्च योगदान गर्न सफल भएको छ । आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र यस संस्था प्रतिको भरोसा सहित हाल १२० शाखा कार्यालयहरुबाट करिव ४७ हजार सदस्यहरु सहित करीव ३६ हजार कर्जा सेवाग्राहीहरुको सहयात्रीको रुपमा वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । साथी संगै सवल बन्दै भन्ने मुल नाराका साथ उत्तरदायी लघुवित्तीय सेवाको अभ्यास गर्दै आएको यस संस्थाले वित्तीय समावेशिकरणका लागि डोटी, जुम्ला, जाजरकोट, सल्यान, रसुवा, सिन्धुपाल्चोक जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्युन रहेको दुर्गम जिल्लाहरुमा शाखा विस्तार गरी सेवा सञ्चालन गर्दै आइरहेको छ ।

## ग्लोबल आइएमई बैंकको शाखा मुस्ताङको घरपभ्mोङमा

काठमाडौं । ग्लोबल आइएमई बैंकले आइतबारदेखि मुस्ताङ् जिल्लाको घरपभ्mोङ गाउँपालिकामा नयाँ शाखा संचालनमा ल्याएको छ । नयाँ शाखा संचालनमा आएसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २६४ पुगेको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

बैंकले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ । ग्लोबल आइएमई बैंकले ७३ वटा जिल्लामा फैलिएको २६४ शाखा सञ्जाल सहित २३८ एटिएम, ४५ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २३१ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि(सम्पर्क कार्यालय मार्फत आफ्ना २१ लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

## कुमारी बैंकको साधारणसभा मंसिर २९ मा

काठमाडौं । कुमारी बैंकको साधारणसभा मंसिर २९ गते हुने भएको छ । बैंकले २९ गते साधारण सभा हुने भएपछि मंसिर १५ गतेको लागि बुक क्लोज गर्ने भएको छ । मंसिर १४ गतेसम्म कामय रहेका लगानीकर्ताले मात्रै

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

साधारणसभामा भाग लिने पाउने छन भने बैंकले घोषणा गरेको लाभांश पाउने छन् । बैंकले यसअघि नै १४ प्रतिशत लाभांश लिने प्रस्ताव गरेको छ । बैंकले लगानीकर्तालाई १०.८५ प्रतिशत बोनस र ३.२५ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ । उक्त प्रस्ताव साधारणसभाले पारित गरेपछि लगानीकर्ताले पाउने छन् ।

## सनराइज बैंकले गर्यो लाभांश घोषणा

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सनराइज बैंक लिमिटेडको लाभांश घोषणा गरिएको छ । बैंकको हिजो (मंसिर ७ गते, आइतबार) बसेको

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

सञ्चालक समितिको बैठकमा आर्थिक वर्ष २०७६र७७ को मुनाफाबाट बैंकका शेयरधनीहरूलाई ५.८० प्रतिशत बोनस शेयर र २.४८ प्रतिशत नगद (कर प्रयोजनका लागि) गरी कुल ८.२८ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । उक्त प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंक र आगामी वार्षिक साधारण सभाले अनुमोदन गरेपछि वितरण गरिनेछ ।

## मुक्तिनाथ विकास बैंकयुरोपियन माइक्रोफाइनान्स अवार्डबाट पुरस्कृत

लक्जम वर्गमा आयोजित युरोपियनमाइक्रो फाइनान्स अवार्ड २०२० को विजेता मुक्तिनाथ विकास बैंक भएको छ । मुक्तिनाथ विकास बैंकले साना तथा लघु बैंकिङ्ग कार्यक्रममा आवद्ध न्यून आय भएका सदस्यहरुलाई प्रदान गरी रहेको नविनतम र ग्राहकमैत्री समावेशी बचत सेवाहरुको प्रभावकारिता र त्यसले सदस्यको जीवनमा पारेको सकारात्मक परिवर्तनलाई अन्तर्राष्ट्रिय स्वतन्त्र विशेषज्ञ छनौट समितिले अध्ययन तथा अनुसन्धान गरी युरोपियनमाइक्रो फाइनान्स




अवार्ड २०२० को प्रथम पुरस्कारबाट पुरस्कृत भएको हो ।

युरोपियन माइक्रोफाइनान्स अवार्ड २०२० को लागि ३७ राष्ट्रबाट ७० वटा संस्थाले सहभागीता जनाएका थिए । उक्त प्रतियोगिताको लागि उत्कृष्ट ३ मा नेपालबाट मुक्तिनाथ विकास बैंक लगायत वेनिन र ईथोपियाको १/१ ओटा लघुवित्त संस्थाहरु छनौट भएका थिए । यो पुरस्कार वापत मुक्तिनाथ विकास बैंकले नगद १ लाख युरो प्राप्त गरेको छ । यो पुरस्कार रकमबाट न्यूनआय भएका सदस्यहरुलाई डिजिटल बैंकिङ्गमा सहभागी गराउन विभिन्न कार्यहरु गरिनेछ । मुक्तिनाथ विकास बैंकको ४२ जिल्लामा रहेका १३८ ओटा शाखाहरु मध्ये ११८ ओटा शाखामार्फत सानातथा लघु बैंकिङ्ग सेवा प्रदान गर्दै आई रहेको छ । साना तथा लघु बैंकिङ्ग अन्तर्गत १ लाख ८० हजार भन्दा बढी ग्राहक सदस्यहरुले प्रत्यक्ष सेवा लिई रहनु भएको छ भने यो क्षेत्रमा रु. १७ अर्ब भन्दा बढी लगानीमा रही रहेको छ ।

## गरिमा विकास बैंक १४औं वर्षमा प्रवेश

काठमाडौं । काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक १४ औं वर्षमा प्रवेश गरेको छ । १४ वर्षअघि स्याङजाको वालिङमा प्रधान कार्यालय स्थापना गरी वित्तीय कारोबार शुरु गरेको यो बैंकले पोखरा हुँदै हाल काठमाडौंलाई केन्द्र बनाउँदै देशभर आफ्नो शाखा सञ्जाल विस्तार गरी वित्तीय सेवा प्रदान गर्दै आएको बताइएको छ । देशका सबै प्रदेश सहित बजारदेखि गाउँसम्म १०५ शाखा मार्फत बैंकले आधुनिक वित्तीय सेवा प्रदान गरिरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले बताए । चौधौं वार्षिकोत्सवका अवसरमा बैंकले आफ्ना ग्राहक, नियमनकारी निकाय तथा

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अझै उत्कृष्ट वित्तीय सेवा प्रदान गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।बैंकले ग्राहकलाई बचतमा उच्चतम ब्याजदर प्रदान गर्दै आएको छ भने सहुलियत दरमा विभिन्न शीर्षकमा कर्जा सुविधा समेत प्रदान गरिरहेको प्रमुख कार्यकारी अधिकृत गोविन्द ढकालले बताए ।

## नेपाल बैंकको थप नयाँ शाखा ओखलढुंगामा

काठमाडौं । नेपाल बैंक लिमिटेडले थप नयाँ शाखा विस्तार गरेको छ । बैंकले थप नयाँ शाखा ओखलढुंगामा शाखा विस्तार गरेको हो । बैंकको नयाँ शाखाको केन्द्रबाट भर्चुअल बिधि मार्फत अर्थमन्त्री बिष्णु पौडेल र सिद्धिचरण नगरपालिकाका प्रमुख मोहनकुमार श्रेष्ठले दिप प्रज्वलन सहित रिबन काटेर उद्घाटन गरेका हुन्। नेपाल बैंक लिमिटेडको आज ८४ औं बार्षिक उत्सवको अवसर पारेर ओखलढुंगामा बैंकको शाखा विस्तार गरिएको शाखा प्रबन्धक

नेपाल बैंक लिमिटेड काठमाडौं
नेपाल बैंक लिमिटेड
(स्थापित वि.सं. १९९४)
नेपालको पहिलो बैंक

सरोज कटुवालले बताए । अहिलेको अवस्थालाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाएर नयाँ शाखा सुरु गरिएको शाखा प्रबन्धक कटुवालले बताए । नगरप्रमुख श्रेष्ठले बैंकले जिल्लाको विकास र समृद्धिमा महत्वपूर्ण योगदान गर्ने कुरामा आफू आशावादी रहेको कुरा व्यक्त गरे ।

बैंकले जिल्लामा छिटो, छरितो र सर्वसुलभ सेवा सुविधा प्रदान गर्ने र अन्य बैंकले भन्दा कम ब्याजदरमा ऋण प्रदान गर्ने भएकाले नागरिकहरुलाई सहज हुने कटुवालले बताए । बार्षिकोत्सबको अबसरमा बैंकले नयाँ १२ शाखा सहित २७ ओटा शाखाहरूको एकसाथ उद्घाटन गरेको छ । ओखलढुंगामा भने बैंकले पहिलोपटक शाखा बिस्तार गरेको हो ।

# आर्थिक

## बि.ओ.के क्यापिटल लिमिटेडको पाँचौ वार्षिक साधारण सभा सम्पन्न

बि.ओ.के क्यापिटल लिमिटेडको पाँचौ वार्षिक साधारण सभा ५ गते क्यापिटलको संचालक समितिका अध्यक्ष श्री महेश मिश्रको अध्यक्षतामा

बि.ओ.के. क्यापिटल मार्केट लि.
B.O.K. Capital Market Ltd.
A subsidiary of Bank of Kathmandu Limited

सम्पन्न भएको हो । उक्त साधारण सभाले आ.ब. २०७६/७७ को वित्तीय विवरणहरु पारित गर्नुका साथै आ.ब. २०७६/७७ सम्मको सचिंत मुनाफाबाट चुक्ता पुंजी रु. २१,००,००,०००।०० को ४.५ प्रतिशतका दरले हुने रकम रु. ९४,५०,००० नगद लाभांश (कर समेत) बितरण गर्ने प्रस्ताव पारित गरेको हो । साथै, उक्त साधारण सभाले क्यापिटलले सामुहिक लगानी कोषको कोष ब्यवस्थापन तथा डिपोजिटरी भई कार्य सम्पादन गर्ने गरी उद्देश्य थप गर्ने प्रस्ताव पारित गरेको हो ।

## राष्ट्रिय वाणिज्य बैंक र सुनकोशी गाँउपालिकाबीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्झौता

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक र सुनकोशी गाँउपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्झौता भएको छ । बिहिबार काठमाडौंमा बैंक र सुनकोशी गाँउपालिका बीचस हुलियतपूर्ण कर्जामा सहकार्य सम्झौता भएको हो । सो सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण



कुमार श्रेष्ठ र सुनकोशी गाँउपालिकाका अध्यक्ष दिपा बोहोराले हस्ताक्षरगरेका हुन् । सो समझौता पंचात गाँउपालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने जनाएको छ । गाँउपालिकाले सिफारिश गरेका उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा प्रवाह गर्ने भएको हो । सो समझौता कार्यक्रममा बागमती प्रदेशसभाका सांसद राजन दाहालले गाँउपालिकाले बजार तथा सडकको विस्तार गरी सकेको हुनाले कृषकलाई उत्पादन, बजारीकरण कार्यको लागि उत्प्रेरित गर्न यस्तो कर्जाले सघाउ पुग्ने बताए । उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेश प्रसाद लोहनी, सहायक प्रबन्धक राजन घिमिरे, प्रकाश राई, गाँउपालिकाका उपाध्यक्ष दिर्व सिं मुक्तान, गाँउपालिकाका पदाधिकारीहरु, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

## कोभिडको असर : बैंकहरुको ५ खर्ब लगानी जोखिममा

काठमाडौं । तेस्रो त्रैमासदेखि नै लकडाउन शुरु भएकाले राम्ररी कर्जा लगानी गर्न नसकेका बैंक तथा वित्तीय संस्थाहरुको गत वर्षको वित्तीय विवरणले भने कोरोनाले ठूलो असर नपरे जस्तो देखिएको थियो । वित्तीय विवरणमा केही बैंकको नाफामा सामान्य गिरावट आएको र केहीको नाफा बढेको देखिएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा वित्तीय विवरण सार्वजनिक गरेका केही बैंकबाहेक अरुको नाफा बढेकै देखिन्छ । वित्तीय विवरणमा ठूलो असर नदेखिए पनि कालान्तरमा यसको निकै ठूलो प्रभाव पर्ने विज्ञहरुको विष्लेषण छ । अन्तर्राष्ट्रिय मुद्रा कोष -आईएमएफ) ले नेपालको बैंकिङ क्षेत्रमा कोरोना भाइरस (कोभिड-१९) का कारण निकै ठूलो असर पर्ने बताएको छ । केही दिनअघि नेपाल राष्ट्र बैंकका अधिकारी र बैंकिङ क्षेत्रका अन्य विज्ञहरुसँगको छलफलमा आईएमएफका प्रतिनिधिले नेपालको बैंक तथा वित्तीय संस्थाको निस्कृय कर्जा निकै बढ्ने बताएका थिए ।

राष्ट्र बैंकका अनुसार, २०७७ असार मसान्तसम्म लगानी भएको ३२ खर्ब ७६ अर्ब ऋणमध्ये १ खर्ब ७४ अर्ब रुपैयाँ हायर पर्चेजमा छ । त्यसमा पनि व्यक्तिगत प्रयोगका लागि ५९ अर्ब ऋण लगानी भएको छ । त्यस्तै, १ खर्ब १५ अर्ब रुपैयाँ व्यवसायीका लागि हायर पर्चेज लगानी भएको छ । यो जोखिमको लगानी हो । हाल बैंकहरुको औसत निस्कृय कर्जा २ प्रतिशतभन्दा तल छ । ४ प्रतिशतभन्दा कम निस्कृय कर्जा हुनु राम्रो मानिन्छ । तर अब नेपाली बैंकहरुमा निस्कृय कर्जा ८०० प्रतिशतसम्म बढ्ने आईएमएफको अनुमान छ । 'निस्कृय कर्जाबारे राम्रै बहस भएको थियो, अहिले राम्रो अवस्था देखिएको निस्कृय कर्जामा कोभिडले निकै गहिरो असर पार्ने सबैको ठम्याइ थियो', राष्ट्र बैंकका एक अधिकारी भन्छन्, 'निस्कृय कर्जा अनुपात बढेर १० देखि १५ प्रतिशतसम्म पुग्ने अनुमान आइएमएफले गरेको छ ।'

गत आर्थिक वर्षको अन्त्यसम्म बैंक तथा वित्तीय संस्थाहरुको लगानी ३२ खर्ब ७६ अर्ब छ । यसको १५ प्रतिशत (४ खर्ब ९१ अर्ब) सम्म खराब कर्जाको अनुपात पुग्ने अनुमान छ । करिब ५ खर्ब कर्जा जोखिममा पर्ने देखिएको छ । सर्वसाधारणले त्यसको असर देख्न भने समय लाग्ने छ । पूर्व बैंकर सुमन शर्मा केन्द्रीय बैंकले दिएको सुविधाका कारण बैंकहरुको वित्तीय विवरणमा खराब कर्जा नदेखिएको बताउँछन् । कालान्तरमा यसले निकै नराम्रो प्रभाव देखाउने उनको विश्लेषण छ । उनका अनुसार बैंकको ऋण लिएका केही प्रतिशत बिजनेस यो अवधीमा डुबिसकेका हुनसक्छन् । अब 'रिभाइभ' हुन गाह्रो पर्ने ती बैंकहरुको खराब कर्जामा नदेखिने भए । बैंकले दिएको ऋणको खराबी वाचलिस्टमा गएर लुकेको हुन्छ । 'यस्तो बेलामा बैंकले एक्सन लिन पनि मिलेन', शर्मा भन्छन्,

बाँकी ८ पृष्ठमा

# शिक्षामा कोभिड प्रभाव र स्थानीय तह

नगेन्द्रराज पौडेल

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहका लागि २२ वटा एकल अधिकार दिएको छ। संविधानको उक्त व्यवस्थाअनुसार माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनको सम्पूर्ण जिम्मा स्थानीय सरकार मातहत गएको छ। शिक्षालगायत अन्य विषयगत क्षेत्रका एकल तथा साझा अधिकार कार्यान्वयनका लागि छाता ऐनका रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा छ। तर नेपालको संविधान र उल्लिखित ऐनका आधारमा अहिले ७ सय ५३ वटै स्थानीय सरकारहरू शिक्षाका हकमा आफ्नो अधिकारको पूर्णतया उपयोग गर्न पाएका छैनन्। कोरोना भाइरस संक्रमणको रोकथामका लागि गठित कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिको निर्णयअनुसार गत वर्ष ५ चैतदेखि शैक्षिक गतिविधिहरू बन्द गरिएको थियो। त्यो बेला पनि स्थानीय तहसँग कुनै परामर्श गरिएन। संक्रमण शून्य रहेका स्थानीय तहमा विद्यालय सञ्चालनको सम्भाव्यता थियो तर पुरै संक्रमित जिल्ला तथा स्थानीय तहसरह त्यहाँ पनि पठनपाठन ठप्प पारियो। कतिपय पालिकाले आफ्नै पहलमा पठनपाठन चलाउन थालेकोमा शिक्षा मन्त्रालयले बन्द गर्न भन्यो। पालिकाहरू संवैधानिक हकको प्रयोग गर्नसमेत स्वायत्त भएनन्।

लगत्तै लकडाउन गरियो र विद्यालयहरूलाई क्वारेन्टाइन र आइसोलेसन बनाइयो। बिस्तारै क्वारेन्टाइन हटाइए पनि त्यही वहानामा घरै बसेका शिक्षकलाई विद्यालयमा जान र आफ्ना बालबालिका पहिचान गर्न मन्त्रालयले कुनै निर्देश दिन सकेन। ५ चैतयता दर्जनौं परिपत्र, निर्देशन र निर्देशिका जारी गरिए। तर स्थानीय तहको जिम्मेवारी तोकिएन। स्थान विशेषलाई ख्याल नगरी सिंहदरबारबाट जारी परिपत्रले कोभिडकालीन शिक्षाको दिशानिर्देश गर्न सकेन। हुम्लाको एक विद्यालयका ३२ जना बालबालिकामा पछिल्लोपटक देखिएको कोरोना संक्रमण यसैको उदाहरण हो। अहिले सरकारले विद्यालय सञ्चालनको कार्यढाँचा सार्वजनिक गर्दा त्यहाँ विद्यालय बन्द गर्नुपर्ने अवस्था आएको छ। शिक्षा मन्त्रालयको दूरदर्शिता मापनका लागि यो घटना नै काफी छ।

बल्ल बुझेजस्तो छः

खासगरी कोभिड-१९ र त्यसले पारेको प्रभावको आँकलन गरी गत ५ चैत २०७६ देखि बन्द गरिएको विद्यालयको पठनपाठन र विभिन्न परीक्षाहरू सञ्चालनसमेतका सम्बन्धमा संघीय शिक्षा मन्त्रालयले विभिन्न मितिमा निर्देशिका, आदेश र परिपत्र जारी गरेर शिक्षामा संघको उपस्थिति मात्र देखाउँदै गएको छ। यसले गर्दा स्थानीय परिवेश र अनुकूलतालाई मध्यनजर गरी अलगअलग रूपमा निर्णय गर्नबाट स्थानीय तहहरू वञ्चित देखिए। मन्त्रालयले पछिल्लोपटक जारी गरेको विद्यालय सञ्चालन कार्यढाँचाले भने बल्लतल्ल स्थानीय तहलाई सम्बोधन गरेको छ। स्थानीय तहको शैक्षिक अधिकार स्थानीय तहलाई नै कार्यान्वयन गर्न दिनुपर्ने कुरा बल्ल मन्त्रालयले बुझेजस्तो देखिन्छ।

बाल विकास कक्षाका सहयोगी कार्यकर्ताका लागि थप तलबको व्यवस्था गरेर कैयौं पालिकाले श्रमको सम्मान गरेका पनि छन्

गत २० कात्तिक मा भएको मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत गरिएको विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७ ले भने स्थानीय सम्भाव्यताका आधारमा पठनपाठन गर्ने गरी स्थानीय तहलाई थप जिम्मेवार बनाएको छ। अब विद्यालयले स्थानीय तहसँगको समन्वयमा विद्यालय सञ्चालन गर्नुपर्नेछ। स्थानीय तहले शिक्षाक्षेत्रमा संविधानको अनुसूची ८ को अधिकार र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) तथा ११ (ज)अनुसार शिक्षा क्षेत्रमा उल्लेख्य सुधारका कामहरू गर्ने हैसियत राख्दछन्। यिनै प्रावधानको जगमा टेकेर विगतमा लामो समयसम्म सरकारले गर्न नसकेको विद्यालय समायोजन (मर्ज) लगायतका कतिपय कामहरू स्थानीय सरकार आएपछि भएका पनि छन्। कतिपय पालिकाले त स्वत:स्फूर्त रूपमा दरबन्दी मिलानसमेत गरेका छन्। कतिले कार्य सम्पादन करार गरेर प्रधानाध्यापकलाई थप जिम्मेवारी र उत्तरदायी बनाएका छन्। बालविकास कक्षाका सहयोगी कार्यकर्ताका लागि थप तलबको व्यवस्था गरेर कैयौं पालिकाले श्रमको सम्मान गरेका पनि छन्।

यस अघि मन्त्रिपरिषद्ले गत साउन १२ गते नै विद्यालय पुन: सञ्चालनसम्बन्धी कार्यढाँचा जारी गर्न शिक्षा मन्त्रालयलाई जिम्मेवारी दिएको थियो। तर, शैक्षिक गतिविधि सञ्चालनका लागि शिक्षा मन्त्रालयको स्पष्ट अडानको अभाव विगतदेखि नै रह्यो। आफू पनि निर्णय नगर्ने स्थानीय परिवेशअनुसार निर्णर्य गर्नेगरी स्थानीय सरकारलाई अधिकार पनि नदिने मन्त्रालयको शैलीका कारण शैक्षिक गतिविधि कोभिड देखापरेदेखि नै अन्योलमा पर्दै आएको छ।

विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचाले मंसिर उप्रान्तको पठनपाठनको निर्देश गरे पनि हिमाली भेकमा शैक्षिक सत्र सुरु हुन अब ३ महिना मात्र बाँकी छ। फागुनदेखि त्यहाँ नयाँ शैक्षिक सत्र सुरु भइहाल्छ। त्यहाँका बालबालिकाको सिकाइ उस्तै अन्योलमा छ। विद्यालय सञ्चालनको अधिकार स्थानीय सरकार मातहत भएकाले विद्यालय खोल्ने नखोल्ने विषय स्थानीय सरकारलाई नै छाडिदिन उपयुक्त हुने सुझावलाई पनि मन्त्रालयले बेवास्ता गर्दै आएको थियो। कोभिड प्रभावको सात महिनापछि जारी ढाँचामा बल्ल स्थानीय सरकार र विद्यालयको भूमिकालाई आत्मसात गरिएको छ।

यो पनि पढ्नुहोस स्थानीय सरकारमा सुशासन र स्वमूल्यांकनका कुरा

अझै पनि विद्यालय कहिलेदेखि सञ्चालन गर्ने भन्ने मिति किटान गरिएको छैन। स्थानीय तहले वा स्थानीय तहको निर्देशनअनुसार विद्यालयले मिति तय गर्न सक्ने कुरा कार्यढाँचाले बोलेको छ। कार्यढाँचाले स्थानीय तहले विद्यालयलाई क्वारेन्टाइन स्थल वा आइसोलेसन सेन्टरका रूपमा प्रयोग गरेको भए तिनलाई हटाई विद्यालय भवन र परिसरको निर्मलीकरण गर्न भनेको छ। यो राम्रो पक्ष हो तर समय धेरै गुज्रिसकेको छ। अब सिकाइ उपलब्धि पूरा हुने कुनै पनि सम्भावना देखिँदैन। अनलाइन वा भर्चुअल कक्षा पनि निजी स्कुलका लागि शुल्क उठाउने माध्यम बनेका छन्। सरकारी विद्यालय र तल्ला कक्षामा खासै प्रभावकारी हुन सकेको देखिँदैन।

अबको बाटोः

शैक्षिक सत्र सकिन अब साँढे तीन महिना मात्र बाँकी छ। कोभिड प्रभाव उकालो लाग्दो अवस्थामा छ। यो बेला प्रत्यक्ष विधिबाट पठनपाठन सम्भव देखिँदैन। सरकारले विद्यालय खोल्ने परिपत्र गरे पनि आफ्ना बच्चालाई जानाजान कोभिड परीक्षणको प्रयोगशाला बनाउन अभिभावकहरू तयार छैनन्। यसको विकल्पमा आलोपालो विद्यालयमा बोलाई गृहकार्य, परियोजना कार्य दिने, बुझाउने र पृष्ठपोषण दिएर अर्को एक साताका लागि थप काम दिएर फर्काउने गर्नुबाहेक अर्को विकल्प देखिँदैन। शून्य प्रभावित जिल्ला वा स्थानीय तहका हकमा थोरै समय आम्नेसाम्ने विधि प्रयोग गर्न सकिएला तर सजगता अपनाउन भने त्यहाँ पनि जरुरी छ। विद्यालय सञ्चालन गर्न चाहेमा दैनिक कति कक्षा सञ्चालन गर्ने, कुन तहको गर्ने, कसरी सुरक्षा मापदण्ड अपाउने लगायतका बारेमा तयार पारिएको प्रस्तावलाई स्थानीय तहसमक्ष पेश गरेर सुरक्षाका उपाय अपनाउन जरुरी छ। हाल केही स्थानका विद्यालयमा गत असोजदेखि नै पठनपाठन थालिएको छ। ती विद्यालयहरूले प्राय: दैनिक तीनदेखि चार वटा कक्षा सञ्चालन गर्ने गरेका छन् भने दिन बिराएर पठनपाठन गर्दै आएका छन्। कतिपयले दुई सिफ्टमा विद्यालय सञ्चालन गर्दै आएका छन्। यसरी विद्यालय सञ्चालन गर्दा हुम्लाको घटना पुनरावृत्त नहोस् भन्नेतर्फ सजग रहन आवश्यक छ।

विद्यालय खुलेपछि प्रत्यक्ष हुने र भर्च्युअलका माध्यमबाट हुने पठनपाठनका बीच ठूलो अन्तर रहनेतर्फ मन्त्रालय सचेत रहेको देखिँदैन

हाल अधिकांश विद्यालयले उपल्लो कक्षामा भर्चुअल माध्यमबाट पठनपाठन सञ्चालन गरिरहेका छन्। विद्यालय खुलेपछि प्रत्यक्ष हुने पठनपाठन र भर्चुअलका माध्यमबाट हुने पठनपाठनका बीच ठूलो अन्तर देखिन्छ। यसरी पठनपाठन गर्दा विद्यार्थीको सिकाइमा धेरै भिन्नता रहनेतर्फ मन्त्रालय सचेत रहेको देखिँदैन। जसरी पनि सिकाइ भएको छ भन्न पाए मन्त्रालयलाई पुग्ने अवस्था छ। तर, पाठ्यक्रमले राखेका उद्देश्यहरू यसरी पूरा हुँदैनन्। सिंहदरबारमा बसेर आदेश जारी गर्नु र मुलुकको कुना कन्दराको अवस्थाबीच आनको तान फरक छ भन्ने कुरा मन्त्रालयले कहिले बुझ्ने ?

संवैधानिक व्यवस्थाको विकल्प नखोजौंः

संविधानको अनुसूची ८ मा प्रस्ट रूपमा विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छरु। संविधानले प्रत्याभूत गरेको उक्त अधिकारको बाँडफाँडलाई व्यवस्थित गर्न 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' कार्यान्वयनमा आएको छ। यो ऐनसमेतका आधारमा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन र व्यवस्थापन स्थानीय सरकार मातहत आइसकेकाले अब किचलो गर्नु उपयुक्त हुँदैन। कोभिड प्रभावित कालमा मात्र नभएर अरु समयमा पनि स्थानीय तहमा शिक्षा नीति, ऐन नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक र कर्मचारीको दरबन्दी मिलान जस्ता स्थानीय तहका अधिकार संवैधानिक अधिकार हुन्। यिनको विकल्प खोज्नु सर्वथा न्यायोचित हुँदैन। या त संघीयता मान्दैनौं भन्नुपर्‍यो, या त स्थानीय सरकारको सर्वेच्चतालाई स्विीकार्नुप(यो। दुवै कुरा नमान्न पाइँदैन। अहिलेको विषम परिस्थितिमा त अझ स्थानीय तहलाई बढीभन्दा बढी जिम्मेवारी बनाएर स्वनिर्णय गर्ने अधिकार प्रदान गरिनुपर्दछ।

राजधानी दैनिक

नेपाल आयल निगम लिमिटेडको
खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई
सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्यौंसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्यॉस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्यॉस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्यॉस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।
६. ग्यॉस हावाभन्दा गह्रै हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्यॉस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
७. ग्यॉस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्यॉस बिक्रेता वा सम्बन्धित ग्यॉस उद्योगीलाई

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

# रामेछाप डायरी

## चार अस्पताल एक साथ शिलान्यास हुने

रामेछाप। रामेछापको चार गाउँपालिकामा पहिलो पटक अस्पताल भवन निर्माण हुने भएको छ। सरकारले अस्पताल नभएका स्थानीय तहमा अस्पताल निर्माण गर्ने निर्णय अनुसार जिल्लाको चार वटा गाउँपालिकामा अस्पताल निर्माण हुन लागेको हो। सरकारको निर्णय अनुसार यही मंसिर १५ गते दोरम्बा गाउँपालिका र लिखु तामाकोसी गाउँपालिकामा १५-१५ शैयाको अस्पताल बन्नेछ भने सुनापती र उमाकुण्ड गाउँपालिकामा १०र१० शैयाको अस्पताल निर्माण हुन लागेको हो। अस्पतालको शिलान्याससँगै यस आर्थिक बर्षबाटै निर्माणको काम अगाडि बढाउन संघीय सरकारले बजेट समेत विनियोजन गरिसकेको छ। दोरम्बामा १५ शैयाको अस्पताल निर्माण दोरम्बा गाउँपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) र जग्गा प्राप्तिको काम सम्पन्न गरिसकेको दोरम्बा गाउँपालिकाका अध्यक्ष कमानसिह तामाङले बताउनुभयो। दोरम्बा गत बर्षदेखि डाक्टर सहितको अस्पताल सञ्चालनमा ल्याइएको छ। त्यसैगरी सुनापति गाउँपालिकाले पनि दस शैयाको अस्पताल निर्माणको लागि नौ रोपनी जग्गा प्राप्तिको काम सकेको छ। सुनापती गाउँपालिकाका अध्यक्ष धावा लामाले पाँच शैयाको कोभिड अस्थायी अस्पताल बेथानमा सञ्चालनमा ल्याइएको बताउदै गाउँपालिकाको केन्द्र हिलेदवीमा अस्पताल निर्माणको काम अगाडि बढाउन लागिएको बताउनुभयो।अस्पताल नभएका स्थानीय तहहरुमा एकैदिन शिलान्यास गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुर्याउने लक्ष्यसहित सरकारले अस्पताल नभएका पालिकामा एकैदिन अस्पताल निर्माणको शिलान्यास गर्ने तयारी गरेको हो। सरकारले अस्पताल निर्माणका लागि आर्थिक स्रोत र जग्गासमेत सुनिश्चित गरिसकेको छ। ५, १० र १५ शैय्याको आधारभूत अस्पताल दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयले सहमति दिने निर्णय गरेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा सबै पालिकामा ५ देखि १५ शैय्यासम्मका आधारभूत अस्पताल स्थापना गर्ने उल्लेख छ।

## रामेछापकी चौलागाई मिस नेपालको टप २१ मा छनोट

मिस नेपाल प्रतियोगीता अन्तर्गत रामेछापकै चेली सिजा चौलागाई टप २१ मा छनोट भएकी छिन्। सुनापती गाउँपालिका-१ गुन्सी भदौरे निवासी चौलागाई टप २१ मा छनोट भएकी हुन्। चौलागाई प्रतियोगिताका सहभागी मध्ये अन्तिम चरणमा सहभागी हुने टप २१ मा छनोट भएकी छिन। वि.सं.२०५३ साल कार्तिक १८ गते गुन्सी भदौरेमा जन्मिएकी सिजा चौलागाई मिस नेपाल सन् २०२० को उत्कृष्ट २१ मध्येकी एक प्रतियोगी हुन्। प्रतियोगी नम्बर ८ मा रहेकी सिजाले बिबिएसम्मको अध्ययन पूरा गरेकी छिन्। नयाँ-नयाँ विषयमा असाध्यै चासो राख्दै आएकी चौलागाई साहसिक काम गर्न रुचि राख्छिन। खेलकुदमा समेत निकै रुची राख्ने उनी उच्चमाध्यमिक तहको अध्ययनकै क्रममा बास्केटबल खेलाडीका रुपमा समेत आफूलाई चिनाउन सफल भएकी छिन्। हाल काठमाडौंको बालाजुमा बस्दै आएकी सिजा मिस नेपाल २०२० को ताज पहिरिएर सामाजिक कार्यमा सक्रिय हुन चाहेको बताउछिन।

## गोकुलगंगा र उमाकुण्डमा सडक निर्माण धमाधम

रामेछाप। रामेछापको दुई गाउँपालिकाको केन्द्र हुँदै सोलुखुम्बु जिल्लासम्म जोडने सडक कालोपत्रेको काम धमाधम अगाडि बढेको छ। लिखु तामाकोसी गाउँपालिकाको खिम्ती जिरो किलोमिटर हुँदै गोकुलगंगा गाउँपालिकाको केन्द्र रस्नालु र उमाकुण्ड गाउँपालिकाको केन्द्र प्रितिसम्म जोडने सडकको कालोपत्रे सुरु भएको हो। बागमती प्रदेश सरकारको लगानीमा हाल सडकको पूर्वाधार निर्माणको काम अगाडि बढेको छ। यस सडकलाई सदरमुकाम मन्थली र राजधानी काठमाडौं जोडने रणनैतिक सडकको रुपमा लिइएको छ। खिम्ती रस्नालुसँग जोडने सडक चार बर्ष अघि नै निर्माण सुरु भएपनि कामले गति लिन सकेको थिएन। तर उक्त सडक प्रदेश सरकारले निर्माण गर्ने निर्णय भएसँगै अहिले गति लिएको छ।

यस आर्थिक बर्षमा खिम्ती-नामाडी-बेताली रस्नालु सडक अन्तर्गत करिब ११ किलोमिटर सडक कालोपत्रे हुन लागेको बागमती प्रदेशका सांसद शान्ति पौडेलले बताउनुभयो। दुई गाउँपालिकालाई सदरमुकाम मन्थलीसँग जोडने रणनैतिक सडक कालोपत्रे गर्ने कार्यक्रम अगाडि बढाइएको बताउदै उहाँले जिल्लाभित्र विकास निर्माणको कामले गति लिएको बतउनुभयो। यस आर्थिक बर्षमा तीन खण्डमा कालोपत्रे हुने पूर्वाधार कार्यालय रामेछापका प्रमुख सोमराज तिम्लिसिनाले बताउनुभयो। खिम्ती बेताली रस्नालु प्रिति हुँदै सिंगटीसम्मको सडक निर्माण भएपछि दुई गाउँपालिकाको अधिकाशं क्षेत्रलाई यस सडकले प्रत्यक्ष फाइदा पुर्याउनेछ। गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्ग बहादुर सुनुवारले सडक निर्माणको काम विगतमा सुस्त भएपनि यस बर्ष केही आशा लाग्दो गरी अगाडि बढेको बताउनुभयो। 'सडक कालोपत्रे भएपछि गाउँपालिकाभित्र उत्पादित कृषिजन्य वस्तु बजारमा पठाउन निकै सजिलो हुन्छ।

'सडक कालोपत्रे भएपछि गाउँपालिकावासीले बर्षाको समयमा सास्ती खेप्नु पर्दैन।' सडक कालोपत्रे नहुँदा बर्षाको समयमा नागरिकरुले सास्ती खेप्दै आएका छन्। उमाकुण्ड गाउँपालिकाका अध्यक्ष शेर बहादुर सुनुवारले गाउँपालिकाभित्र सडक कालोपत्रे गर्ने काम अगाडि बढेको बताउनुभयो। कालाचौतारा प्रिति हुँदै सिंगटीसम्मको सडक कालोपत्रे गर्ने काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो,'जिल्लाकै दुर्गम गाउँपालिकामा पनि पहिलो पटक कालोपत्रेको काम धमाधम अगाडि बढेको छ, यस बर्ष करिब सात किलोमिटर सडक कालोपत्रे हुन्छ।'

## भटौलीका आगलागी पीडितलाई राहत प्रदान

रामेछापको मन्थली नगरपालिका वडा नम्बर ७ भटौलीका आगलागी पीडितलाई जिल्ला प्रशासन कार्यालय रामेछापले २ लाख रुपैयाँ राहत प्रदान गरेको छ। शनिबार भएको आगलागी पीडितलाई जिल्ला प्रशासन कार्यालय रामेछापले तत्काल पीडितको घरमै पुगेर राहत प्रदान गरेको हो।

आगलागी पीडित कृष्ण रम्तेललाई प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले राहत स्वरुप २ लाख नगद प्रदान गर्नुभएको छ। प्रजिअ शर्माले उक्त घटनाप्रति दुख व्यक्त गर्नभएको छ। शनिबार रम्तेको घरमा विद्युत सर्ट भएर आगलागी भएको थियो। आगलागीमा परी पाँच बर्षिय सुजन रम्तेलको मृत्यु भएको थियो। पीडित परिवारलाई रामेछाप रेडक्रसले १ सेट फेमिली किट त्रिपाल,मण्डी, १ सरो लत्ताकपाडा तथा भाडावर्तन उपलब्ध गराइएको छ।

# नेपालमा कियाको सब-कम्प्याक्ट एसयुभी सोनेटको बिक्री सुरु

काठमाडौं । दक्षिण कोरियाली अटो निर्माता कियाको बहुप्रतीक्षित सब-कम्प्याक्ट एसयुभी 'सोनेट' नेपाली बजारमा भित्रिएको छ । नेपालका लागि कियाको एकल अधिकृत बिक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले यो एसयुभी नेपाल भित्र्याएको हो ।

कम्पनीले केहीअघि सोनेटको प्रि-बुकिङ खुला गरेकोमा सब-कम्प्याक्ट एसयुभी पारखीबाट उत्साहजनक प्रतिक्रिया पाएको छ । सोनेट कियाको भारतस्थित प्लान्टमा निर्मित दोस्रो एसयुभी हो । यसअघि कन्टिनेन्टलले कियाको भारतीय प्लान्टमै निर्मित सेल्टोस नेपाली बजारमा ल्याएको थियो ।

पछिल्लोपटक नेपाल भित्रिएको सोनेट भारतमा अत्यधिक रुचाइएको पेसेन्जर भेइकलमा पर्छ । गत सेप्टेम्बर १८ मा भारतीय बजारमा डेब्यू गरेको सोनेट १२ दिनमै ९,२६६ युनिट बिक्री भएको थियो, जुन यस सेग्मेन्टका स्थापित सवारी साधनहरुच्यस्को भन्दा बढी बिक्री हो ।

नवप्रवेशी सोनेट र सेल्टोसको लोकप्रियताकै कारण भारतीय बजारमा गत सेप्टेम्बरमा कियाका गाडीहरुको बिक्री अघिल्लो वर्षको सोही महिनाको तुलनामा १४७ प्रतिशतले बढेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

कम्पनीले यसपटक सोनेटका तीनवटा अप्सन-- एचटिई, एचटिकेप्लस एटी र एचटिएक्स (HTE/HTK+ AT/HTX) -- नेपाली बजारमा पेस गरेको छ ।

त्यसैगरी, कम्पनीले ५७ लाख ९० हजार मूल्यको फुल अस्पन **जिटिएक्सप्लस** (GTX+) पनि नेपाली बजारमा प्रस्तुत गरेको छ । यसमा ६ वटा एयरब्याग र इएससी/भिएसडब्लू/एचएसी, हाइलाइन टिपिएमएस, बिओएसई प्रिमियम ७ स्पिकर सिस्टम, १०.२५ एचडी टचस्क्रिन, कुलिङसहितको वायरलेस फोन चार्जर, आवाज पहिचान गर्ने 'हेल्लो किया', पूर्ण लेदरको सिट तथा डोर प्यानल (कालो) र चालक तथा यात्रुका लागि भेन्टिलेटेड सिट छन् ।

त्यसैगरी, भाइरस प्रोटेक्सन सहितको स्मार्ट प्योर एयर प्युरिफायर, रेड क्याप सहितको आर१६ क्रिस्टल अलो ह्विल, एलइडी साउन्ड मुड ल्याम्प, फ्रन्ट पार्किङ सेन्सर, हाई ग्लोस, ब्ल्याक फिनिस एसी भेन्ट्स गार्निस, टर्बो सेप्ड मस्कुलिन स्किड प्लेट, बेल्ट लाइन-क्रोम, स्पोर्टी अलो पेडल्स, एडभान्स्ड १०.६७ सेमी कलर इन्स्ट्रूमेन्ट क्लस्टर, अटो एन्टिग्लेर रियर भ्यू मिरर, स्मार्टवाच कनेक्टिभिटी र जिटीलाइन रेड प्याकेज जस्ता विशेषता यसमा छन् । समग्र उचाइ ५ फिट ४ इन्च रहेको सोनेटको समग्र लम्बाइ १३ फिट १ इन्च छ । त्यसैगरी, चौडाइ ५ फिट ८ इन्च र ह्विलबेस ८ फिट २ इन्च रहेको कम्पनीले जनाएको छ । यसको ग्राउन्ड क्लियरेन्स ७ इन्च (२११ मिलिमिटर) र बुट स्पेस ३९२ लिटरको छ ।





**नोवेल कोरोना भाइरस(covid-१९) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो , हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरुः**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछयुँ गर्दा नाक र मुख कुहिनोले छोप्ने
- कुनै पनि व्यक्तिसंग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो , रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसंग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## अन्तराष्ट्रिय समाचार

### बंगलादेशमा चार लाख ४५ हजार २८१ व्यक्तिमा कोभिड-१९ संक्रमण

सरकारी तथ्याङ्क अनुसार बङ्गलादेशमा कोभिड-१९ सङ्क्रमितको मृत्यु दर १.४३ प्रतिशत रहेको राष्ट्रिय स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार जनाएको छ । बङ्गलादेशमा शनिबारसम्म कोभिड-१९ सङ्क्रमितको सङ्ख्या चार लाख ४७ हजार ३४१ पुगेको र कोभिड-१९ सङ्क्रमित छ हजार ३८८ भन्दा बढी व्यक्तिको मृत्यु भएको सरकारी तथ्याङ्कमा उल्लेख छ । विगत २४ घण्टामा १३ हजार ८७० व्यक्तिको शङ्काका आधारमा कोभिड-१९ परीक्षण गरिएकोमा दुई हजार ६० व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ । आइतबार कोभिड-१९ सङ्क्रमित थप ३८ जनाको मृत्यु भएकमो छ । बङ्गलादेशमा शनिबार सङ्क्रमणमुक्त भएका दुई हजार ७६ व्यक्तिसहित अहिलेसम्म तीन लाख ६२ हजार ४२८ व्यक्ति निको भएका छन् । तथ्याङ्कमा एकै दिन सबैभन्दा बढी चार हजार १९ व्यक्ति जुलाई २ मा सङ्क्रमित भएका थिए भने एकै दिनमा सबैभन्दा बढी मृत्यु जुन ३० मा भएको थियो ।

### पाकिस्तानमा कोभिड-१९ को दोस्रो लहरपछि सावधानी अपनाउन प्रधानमन्त्रीको आग्रह

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले कोभिड-१९ को सङ्क्रमणको दोस्रो लहरसँगै महामारीबाट बच्न आवश्यक सावधानी अपनाउन आइतबार आग्रह गर्नुभएको छ । उहाँले सरकारी अधिकारी, पाकिस्तानी जनता र विपक्षी दलहरूलाई पनि महामारीबाट बच्न सामाजिक दूरी कायम गर्ने र सङ्क्रामक रोगबाट अपनाउनुपर्ने अन्य स्वास्थ्यका उपायलाई पालना गर्न आग्रह गर्नुभएको छ । सरकारी तथ्याङ्क अनुसार पछिल्लो २४ घण्टामा पाकिस्तानमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या दुई हजार ६६५ रहेको छ भने ५९ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको छ । पाकिस्तानमा कोभिड-१९ सङ्क्रमित सात हजार ६६२ पुगेको छ भने अझै ३६ हजार ६८३ व्यक्तिले देशभरका विभिन्न अस्पतालमा उपचार गरिरहेका छन् । पाकिस्तानमा अहिलेसम्म कूल तीन लाख ७४ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । पाकिस्तानमा कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण विगत १५ दिनदेखि चासोको विषय बनेको छ, प्रधानमन्त्री खानले आफ्नो ट्वीटर पेजमा उल्लेख गर्नुभएको छ । मार्फत जानकारी गराउनुभएको छ । उहाँले भन्नुभयो, विश्वका धेरै मुलुकले दोस्रो पटक सङ्क्रमण फैलिन थालेपछि पूर्ण तथा आंशिक लकडाउनको घोषणा गर्न बाध्य भएका छन् । यदि अहिलेकै तरिकाले सङ्क्रमण फैलिँदै जाने हो भने पाकिस्तानले पनि पूर्ण लकडाउन गर्न बाध्य हुनुपर्नेछ । प्रधानमन्त्री खानले आफूले सामान्य अवस्थामा पुनः लकडाउन गर्न नचाहेको बताउँदै लकडाउनले देशको सुधारउन्मुख रहेको अर्थतन्त्रलाई पुनः प्रभावित बनाउने बताउनुभयो । यसअघि उहाँले विपक्षी दलहरूलाई विरोधका लागि ठूला सभा र प्रदर्शन गर्दा सङ्क्रमण फैलिने चेतावनी दिँदै विरोधको उक्त शैलीलाई रोक्नसमेत आग्रह गर्नुभएको थियो ।

### मेक्सिकोमा एक दिनमा ६ हजार ७१९ जना कोरोना सक्रमित

मेक्सिको शनिबारमा एकैमा दिनमा ६ हजार ७१९ जना कोरोना भाइरस सङ्क्रमित थपिएका छन् । यसैसँग मेक्सिकोमा कोरोना भाइरस कुल सङ्क्रमितको संख्या १० लाख ३२ हजार ६८८ पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा मेक्सिकोमा कोरोना भाइरस सङ्क्रमणको कारण ५५० व्यक्तिको मृत्यु भएको छ । हालसम्म मेक्सिकोमा कोरोना भाइरसको कारण १ लाख १ हजार ३३७ व्यक्तिको मृत्यु भईसकेको छ । शनिबारसम्म ७ लाख ७४ हजार ९३० व्यक्ति कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त भएका पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

### रिजेनेरोनको एन्टीबडी उपचार पद्धतिलाई अमेरिकामा अनुमति

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कोरोनाभाइरस उपचारमा प्रयोग गरिएको रोगप्रतिरोधी थेरापी (एन्टीबडी थेरापी) लाई अमेरिकी औषधि नियामक निकायले प्रयोगमा ल्याउन सिफारिस गरेको छ । कोरोनाका कारण स्वास्थ्य जोखिम निकै रहेका तर अस्पतालमा भर्ना भइ नसकेका बिरामीमा यो उपचार विधि प्रयोग गर्न अनुमति दिइएको हो । औषधि निर्माता रिजेनेरोनले तयार पारेको रिजेन-कोभ२ नामको औषधिले कोभिड-१९ सँग सम्बन्धित अस्पताल भर्नालाई रोक्न वा न्यून गर्न निकै उपयोगी देखिएको छ । अन्य रोगका कारण समस्यामा परिरहेका बिरामीलाई पनि यो औषधि उपयोगी हुनेछ । अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए) का आयुक्त स्टेफेन हानले रिजेन-कोभ२ औषधि सेवन गर्ने कोभिड-१९ बाट संक्रमित व्यक्तिले हत्तपत्त अस्पताल भर्ना वा अस्पताल गइहाल्नु नपर्ने देखिएको जानकारी दिनुभयो । उहाँले स्वास्थ्य सेवा प्रणालीमाथिको अतिरिक्त दबाब कम गर्न पनि यो औषधि निकै उपयोगी रहेको बताउनुभयो ।

रिजेनेरोनका अध्यक्ष एवं प्रमुख कार्यकारी लियोनार्ड स्लाइफरले यो कदम कोभिड-१९ बिरुद्ध लड्न एउटा महत्वपूर्ण पक्ष रहेको बताउनुभयो । कोभिड-१९ का कारण उच्च स्वास्थ्य जोखिममा रहने बिरामीले आफू संक्रमित हुनासाथ यो औषधिको सेवनबाट ठूलो लाभ लिन सक्ने पनि उहाँले बताउनुभयो । एन्टीबडी थेरापी उपचारका लागि अनुमति प्राप्त गर्ने अमेरिकाको रिजेनेरोन दोस्रो कम्पनी हो । यसअघि अमेरिकी कम्पनी एली लिल्लीले गत नोभेम्बर ९ मा एन्डीबडी थेरापीका लागि अनुमति पाएको थियो । यस औषधिको प्रयोगबाट मानिसको रोगप्रतिरोधी क्षमता स्वाभाविक रुपमा बढ्छ । शरीरमा प्रतिरोधी क्षमता विकास गर्न प्राकृतिक विधिबाट कम मात्र सफलता प्राप्त भएपछि रिजेनेरोन र एली लिल्लीले प्रयोगशालाबाट एन्टीबडी थेरापी उत्पादन गरेका हुन् । उनीहरुले सार्स-कोभ-२ (कोभिड-१९) भाइरसको सतहको प्रोटिनलाई नियन्त्रित गरी यसलाई मानिसको शरीरभित्र प्रवेश गर्नबाट रोक्ने वैज्ञानिकहरुले बताएका छन् । कम्पनीले नोभेम्बरको अन्त्यसम्ममा ८० हजार बिरामीका लागि औषधि तयार गर्ने जनाएको छ । आगामी जनवरी २०२१ को अन्त्यसम्ममा करिब तीन लाख बिरामीले यो औषधि प्राप्त गर्न सक्नेछन् । यो औषधि हालका लागि अमेरिकामा मात्र उपलब्ध हुनेछ र सरकारी कार्यक्रम बमोजिम बिरामीले निःशुल्क प्राप्त गर्नेछन् ।ङ्ग रिजेनेरोनले कोभिड-१९ को औषधि निर्माण गर्न ४५ करोड अमेरिकी डलर आर्थिक सहायता प्राप्त गरेको थियो । गत महिना पनि रिजेनेरोनले तयार पारेको इबोला भाइरस विरुद्धको एन्टीबडी औषधिलाई अमेरिकी नियामक निकाय एफडीएले प्रमाणपत्र दिएको थियो ।

मुक्तक १
मेरो घर सबै त्यो दिन खास हेर्न आउनु
साच्चै भनौं मेरो शरीरको नास हेर्न आउनु
हुने छ मान्छेको भिड त्यो आँगनमा धेरै
सेतो कफन भित्रको मेरो लास हेर्न आउनु
मुक्तक २
दुनियाँमा झुकाउनै पर्ने शिर,कस्तो होला
गरिबको दुःख अनि त्यो पिर, कस्तो होला
भगवानले त बुझ्दैनन् मानव कहाँ बुझ्छ
आँसु मात्र अभागीको तक्दिर,कस्तो होला
मुक्तक ३
यहाँ आफ्नैमा छैन् आफ्नोपन के गर्ने होला?
मित्रहरुमा नै बढ्छ धेरै दुश्मन के गर्ने होला?
कुराले ठिक्क अनि ब्यवहारले दिक्क पार्नेहरु
तर अचेल यस्तै चलेको छ चलन के गर्ने होला?
मुक्तक ४
सकियो सम्बन्ध यात्रा रोकियो कस्लाई के भनौं
आफ्नै अभागी तक्दिर ठोकियो कस्लाई के भनौं
भाबीले लेख्नै भुलेको खुशी खोजेर कहाँ पाइन्छ
आफ्नै इच्छा पराईबाट तोकियो कस्लाई के भनौं


समिपा अभागि
दाङ

---

मुक्तक १
सयपत्री र मखमली फुलहरु फुल्न थालेपछि
कालो बादल हटेर आकाश खुल्न थालेपछि
अति नै रमाइलो लाग्छ तिहार गाउँघरमा जब
सेल चाख्दै भैलो गाउँदै घरघर डुल्न थालेपछि
मुक्तक २
काग, कुकुर, गाईगोरु सबैले सम्मान पाउने चाड
चेली र माइती बीचको नाता प्रगाढ बनाउने चाड
झिलीमिली दियो बाली लक्ष्मी मातालाई स्वागत गर्दै
सप्तरङी टीका माला लगाई मिठो खादै रमाउने चाड
मुक्तक ३
सृष्टिको सम्पूर्ण प्राणीको गौरव बोकेको छ तिहारले
यमराजको कानुनमा झैं बिभेद रोकेको छ तिहारले
सु(संस्कार,संस्कृति र सद्भावको जरुरी भएकोले सधै
बर्ष दिनमा सम्झाउने जिम्मेवारी तोकेको छ तिहारले
मुक्तक ४
आफ्ना चेली माईती नहुनेलाई उल्लास छैन तिहारमा
सयपत्री मखमली फूले पनि केही खास छैन तिहारमा
यहाँ जन्मदिने बाबुबाट नै ईज्जत लुटिन थालेपछी
टीका साट्न पराईलाई आफ्नो मान्ने विश्वास छैन तिहारमा


धर्मिला कार्की
चिशंखुगढी ३
ओखलढुंगा
हाल काठमाडौँ

---

मुक्तक,,१
खेर जान्छ सधै अठोट किन होला
थपिन्छ चोट माथी चोट किन होला
यहि कुराले सधै पीडा दिइरहेको छ
मेरै भाग्यमा लेखियो खोट किन होला
मुक्तक(२
दुईदिनको जिन्दगीमा हाँसी राख न प्रिय
मेरो माया त्यो मुटुमा गाँसी राख न प्रिय
मरिलानु के नै छ र दुईदिने जिन्दगीमा
त्यो छातिमा मलाई टाँसी राख न प्रिय
मुक्तक(३
झ झल्को तिम्रै बारम्बार आइरहन्छ प्रिय
हजुरलाई सम्झी यो मुटु खाइरहन्छ प्रिय
साथमा हुनु हुन्न मेरो यत्ति मात्रै फरक हो
हजुर कै यादमा ओठ मुस्कुराईरहन्छ प्रिय
मुक्तक,,४
नधसाउन यहाँ छुरा पुग्नेछु एकदिन!
चलाएर हात पाखुरा पुग्नेछु एकदिन!
काट्नेहरुले मेरो कुरा जति नै काटेपनि,,
साहित्यको टाकुरा पुग्नेछु एकदिन !


हिउँकला“हाँसी“ खतिवडा
कैलाली

---

मुक्तक १
तिमी शिखर चाहान्छौ म पाखामै रमाउँछु
उद्देश्य सानै छ त सानै सपना सजाउँछु
सक्छौं आउँ परिवर्तनको यात्रामा तिमी
नत्र आफ्नो देशलाई म आफैं बनाउँछु
मुक्तक २
सक्छौ भेट्न आउँ नत्र मलाई टेन्सन हुन्छ
नसके खवर सुनाउँ नत्र मलाई टेन्सन हुन्छ
आखिर किन छुटिन अनेकौं नाटक पार्छौ
व्यर्थै यसरी नसताउँ नत्र मलाई टेन्सन हुन्छ
मुक्तक ३
रुपको मात्र होइन तिमी मनको पनि खास छौ
मलाई मात्र सुहाउने तिमी एक मात्र आस छौ
म भन्दा लायक खोज्दा भेटेनउ कि अन्त कतै
त्यसैले होला आज भोलि एकदम नै उदास छौ
मुक्तक ४
नारीलाई मात्र किन? बोकाइदिन्छन अनेकौं भार
संविधान मा लेखेको त्यो कहाँ गयो अधिकार
न्याय खोज्दै हिंड्दा खेरी आफै दोषी बन्नु पर्ने
कस्तो चलन आयो मलाई जवाफ् देन हे सरकार


विनोद थापा
कमल १
झापा

---

मुक्तक १
काँडा टेकेको पाउलाई, फूलै बिछाऊ भन्दिनँ म
सस्तिएको आँशुको भाउलाई, चर्कै बनाऊ भन्दिनँ
म धेरै हण्डर खाइसकेँ, मुटुलाई पत्थर बनाइसकेँ
पुरिदै गएको घाउलाई, मलमै लगाऊ भन्दिनँ म ।
मुक्तक २
दाइँमा राख्यौ वाध्यताको, विवश भई नारिएँ म
भ्रमित पार्यौ सबका सामु, नजरबाट झारिएँ म
मनमा चोट गढ्दै गयो, र पनि साहस बढ्दै गयो
तिमीले जति धोका दियौ, त्यही धोकाले खारिएँ म ।
मुक्तक ३
चुनाव अघि यो त्यो गर्छु, फकाउनेको लर्को हुन्छ
विश्वास जित्न पनि धेरै, भाषण चर्को चर्को हुन्छ
जितेर माथि गए पछि, आफू बलियो भए पछि
कोहीले फर्की हेर्ने हैनन्, व्यवहार झनै अर्को हुन्छ ।
मुक्तक ४
लोकतन्त्रको बहालीमा, सबको आफ्नै भूमिका भयो
जनताको भागमा तर, आँसुका नूनिला ढिका भयो
जसरी चलाऊ चल्दो रैछ, तालुमा आलु फल्दो रैछ
लक्ष्मीका अघि सारा कुरा, जहिले पनि फिका भयो ।


गोम बिक्रम
कल्लाबारी
पाल्पा

---

मुक्तक १
प्रेमको दियो जलाउन आउनेछु प्रिय ।
सुखले जीवन चलाउन आउनेछु प्रिय ।
शिशिरमा झरेको मात्र हुँ मरेको छैन,
पर्ख वसन्तमा पलाउन आउनेछु प्रिय ।
मुक्तक २
घाटा, नाफा सम्पत्तिको परिपुर्ति नदेखाउ ।
पढेलेखेको म विद्वान भन्दै फुर्ति नदेखाउ ।
बाबुआमालाई आश्रममा राखेको छौ अरे,
घरमा ल्याएको करोडौंको मुर्ति नदेखाउ ।
मुक्तक ३
आजभोलि तिम्रो मुस्कान खास लाग्दैन ।
उदास देख्छु अनुहारमा विन्दास लाग्दैन ।
मनमा पिडा लुकेकोछ ओठमा हाँसो तिम्रो,
दिन्छु भन्छौं जीवन मलाई आश लाग्दैन ।
मुक्तक ४
पुरानो भएछ आमाको चोली फेर्दिनु छ अब ।
फाटेछ बहिनीको स्कुले झोली फेर्दिनु छ अब ।
गरिब सँग त सबैले तुच्छ बोल्ने रहेछन् यहाँ,
कमाएर धन, दुनियाँको बोली फेर्दिनु छ अब ।


महेश विष्ट
खोटाङ
हाल दक्षिण कोरिया

---

मुक्तक १
सानो ठुलो जात थरमा हुन्छ र
धनी र गरिबको घरमा हुन्छ र
आज औकात मिल्दैन भन्छौं
माया औकात र भरमा हुन्छ र ?
मुक्तक २
सधैं काम कर्तव्यमा नबगी बन्दैन
आफ्ना जिम्मेवारीलाई ठगी बन्दैन
नसोच्नुस् ! राम्रो गर्दा दुःख पाइन्छ
यो बुझौं दुःख नपाए जिन्दगी बन्दैन ।
मुक्तक ३
भएको छ कहिले छुटु छुटु पोल्छ
दिन(रात एकनास कुटु कुटु पोल्छ
तिमी मबाट टाढा बनेपछि निरमाया
निदाउन सक्दैन रातभर मुटु पोल्छ।
मुक्तक ४
जन्मे हुर्के खेलेको वरपरको याद आउँछ
सँगैका साथी सँगी अर्को याद आउँछ
जब जन्मभूमि छोडेर , टाढा पुगिन्छ नि
तब बुबा आमाको घरको याद आउँछ


सुजन अन्जान परियार
ढोरपाटन ५
बागलुङ

---

मुक्तक १
मलाई दुश्मनहरुको सराप लागोस् बरु
मेरो दुःखलाई रमिता ठान्दै हाँसोस् बरु
थपी दिनेछु आफ्नै आयु मार्छु भन्नेलाई
मैले फेर्ने श्वासले अरु, धेरै बाँचोस् बरु
मुक्तक २
चार कोठे मुटुको भित्तामा , चोटका खत टन्न छन्
पुनः मिलनको आशाहरु मर्न नसकेर लमतन्न छन्
पीडाहरु माथा देखि पाउसम्म तैनाथ छन् सताउन
त्यसैले मेरो कायमा खुसीका तन्तुकोष विपन्न छन्
मुक्तक ३
छोडेर गएकाहरु मुस्किल पर्दा, शरणमा आउने रै'छ
शरणमा नआउनेहरु यादको, प्रकरणमा आउने रै'छ
दौलतको वृक्षमा इज्जत र औकात, फल्दैनन् हजुर
इज्जत र औकात त, कात्रो र मरणमा आउने रै'छ
मुक्तक ४
मेरो बैंसको फूल तिम्रो मनमा चढाउ भने अछुत होला
सुनपानीले पखालिन्छन् सुनमा शक्ति धेरै अद्भुत होला
तर, महाजनका महलमा सुनकै पाइखाना हुने रहेछन्
त्यसैले भन्नुस् जात ठुलो कि पैसा ? के सबुत होला?


टसी शेर्पा स्वतन्त्र
जिरी न पा २
दोलखा

---

मुक्तक १
आँफु भित्रको म को हुँ सोंच्नु परेको छ
गलत छु कि नियालेर खोज्नु परेको छ
एकदुई जना हितैषी दुश्मन भएका छन
मेरा कमजोरी केके छन् ? सोध्नु परेको छ
मुक्तक २
जेसुकै भनेनी छु मनको धनी सान झार्ने छैन
तिमी जसरी,ठुलो ठालो बनी, सान झार्ने छैन
पैसाको पछाडि नभागे दुनियाँ चल्दैन पक्कै
कुनै दिन करोडौं कमाए पनि सान झार्ने छैन
मुक्तक ३
के गरुँ कसो गरुँ अलमल छ तिमीलाई के भनु
र बचेको उमेर कसरी चल्छ? तिमीलाई के भनु
सफल हुनलाई के गर्नुपर्छ ? प्रश्न नसोध मलाई
आफ्नै जिन्दगी असफल छ तिमीलाई के भनुँ
मुक्तक ४
नभए होसियार बच्न सकिन्न विश्वास घाती बाट
बारम्बार धोका पाएको छु मैले आफ्नै साथी बाट
पशुहरु पो छलछाम गर्दैनन् लड्छन हाकाहाकी
मान्छे हुन् खुट्टा तान्ने र आक्रमण गर्ने पछाडी बाट


एम क्षेत्री अभिलाषी
बाग्लुङ बरेङ १
उर्लेनी
हाल ओमन

---

मुक्तक १
कमजोरी देखेर हो नत्र नजिक पनि पर्न सक्दैन।
नडराउनु उ धम्की दिन्छ चाहेर पनि मर्न सक्दैन।
जुन मान्छे जिन्दगीमा आफुलाई मात्र प्रेम गर्छ,
त्यसले आफुलाई नोक्सान हुने काम गर्न सक्दैन।
मुक्तक २
जिब्रो जता नि चिप्लिन्छ सह्मालेर बोल्नुपर्छ।
सकेसम्म अरुलाई सन्तुष्ट पार्ने बाटो रोज्नुपर्छ।
आफुले गर्ने कामहरु त सबैलाई राम्रै लाग्ने हुन्,
ती कामले अरुलाई कस्तो प्रभाव पार्छ सोच्नुपर्छ।
मुक्तक३
भाग्यले होकि मान्छेले हो घात गरेको पनि बुझ्न सक्दैन।
जस्तो आफ्नाले चोट दिदा पनि भरोसा टुट्न सक्दैन।
कुनै उचाइबाट गिरेको मान्छे कदाचित् बाँच्न सक्ला,
तर कसैको नजरबाट गिरेको मान्छे कहिले उठ्न सक्दैन।
मुक्तक ४
आँखा छोप्न सकिएला तर हत्केलाले सुर्य छेक्न सक्दैन।
जस्तो एक थोपा चुहिएको पानीले समुद्र भेट्न सक्दैन।
आँखा हुदाँहुँदै पनि जानीजानी अन्धो बनेको मान्छेले,
उचित अनुचित के भइरहेको छ चाहेर पनि देख्न सक्दैन।


महेश दत्त पाण्डेय
द.न.पा. ०९ बैतडी
हाल, जुम्ला

---

मुक्तक १
तिम्रो सिउँदो पराईले भर्छ कि,भन्ने डर छ
र तिमिलाई गुमाउनु पर्छ कि,भन्ने डर छ
तिमी साथमा हुदाँ जीवन राम्रो चलेको छ
टाढा भए कतै जीवन बिगर्छ कि,भन्ने डर छ
मुक्तक २
माया गर्नुको कुनै कारण हैन, म कसरि भनुँ
र केहि प्रश्नको जवाफ हुँदैन, म कसरि भनुँ
कति माया गर्छौ र किन भनि सोधि रहन्छौ
अरे यार म संग जवाफै छैन, म कसरि भनुँ
मुक्तक ३
अन्तै बसाई सर्‍यौ घरजम,अझ के चाहान्छौ
याद पठाई रहन्छौ धमाधम,अझ के चाहान्छौ
मेरो जिन्दगी बर्बाद पारेर पुगेन र तिमिलाई?
अलि त मान लाज सरम,अझ के चाहान्छौ
मुक्तक ४
कुरै नबुझि झकाझक हुन्छ अचम्म लाग्छ
भन्नु हुन्छ झगडा गर्ने हक हुन्छ अचम्म लाग्छ
अरे यार दुनियाँ प्यारले चल्छ प्यार गर्नुस
बुझ्दैनौ झगडा हानिकारक हुन्छ अचम्म लाग्छ


गितेश बिवश
शैल्यशिखर ६
ग्वानि दार्चुला

---

मुक्तक १
तिमी त उसै रमाएर गयौ
पराइको हात समाएर गयौ
जिन्दगी थमाउँछ्यौ सम्झेको थिए
हातमा निम्ता थमाएर गयौ
मुक्तक २
भेट्नुहुन्छ , छुट्नुहुन्छ अरे वाह तपाई
जुट्नुहुन्छ , फुट्नुहुन्छ अरे वाह तपाई
महोदय यो कस्तो प्रेम कहानी हजुरको
देखाएरै आँसु लुट्नुहुन्छ अरे वाह तपाई
मुक्तक ३
यसो गर्यो उसो गर्यो आखिर उइ जुधेर
कस्लाइ भयो खै फाईदा हामी दुई जुधेर
भाइ भाइ फुटे गवार लुटे चरितार्थ भयो
झन मिल्नुपर्ने बेलामा ताइ न तुइ जुधेर
मुक्तक ४
एउटै कुरा किन बारबार देख्छु अचम्म लाग्छ
आफ्नै जितमा पनि हार देख्छु अचम्म लाग्छ
मानें, कुकुरमा त मान्छे भन्दा कम चेतना हुन्छ
हेर्छु मेरो देशको सरकार देख्छु अचम्म लाग्छ


चालिसे सञ्जय
गैंडाकोट
नवलपरासी ( ब.स.पु. )

## नेपाल......

क्षेत्रमा समेत भुमिका निर्वाह गर्न सफल ब्यात्तित्वहरु जस्तैः उमेशलाल श्रेष्ठ, रामचन्द्र साघाई, गुणनीधि तिवारी लगायत चन्द्र प्रसाद ढकालको समुहमा भएको हुनाले चन्द्रप्रसाद ढकाल बिजयी हुने सम्भावना भएको एउटा आधार मान्न सकिन्छ ढकाल समुहवाट उम्मेद्वारी दिएका १ न. प्रदेशका राजेन्द्र राउत र द्धिराष्ट्रिय उधोग बाणिज्य संघको तर्फवाट सन्दीप अग्रवाल केन्द्रीय सदस्यमा सर्वसहमत भईसकेका छन् ।

त्यसैगरी ७७ जिल्ला मध्ये झण्डै ६९ वटा जिल्लाका उधोगी ब्यवसायीहरुको साथ चन्द्रप्रसाद ढकाललाई समर्थन रहेको माहोल देख्दा बहुसंख्यात्मक ब्यवसायीहरुको मत चन्द्रप्रसाद ढकाल समुहलाई प्राप्त हुने देखिन्छ । त्यसकारण बिजय हुने सम्भावनाको दोस्रो आधार ब्यवसायीको मतलाई मान्न सकिन्छ ।

तेस्रो आधार भनेको चन्द्रप्रसाद ढकाल आफैमा सफल ब्यात्तित्व हुन् । किनकी राष्ट्रिय बाणिज्य बैकमा नाम निकालेर जागिर खाएका ब्यात्ति हुन् । जुन बैकमा नाम निकाल्नु पनि महत्वपुर्ण मानिन्छ । त्योस्तरको जागिर समेत छोडेर सामान्य ब्यवसायवाट सर्घष शुरु गर्नुभएका चन्द्रप्रसाद ढकालले कडा मेहनत गरेर परिणाममा बिश्वास गर्ने ढकालले आफु मात्र सफल भएनान् । रिमेट्यान्सको क्षेत्रमा देशलाई नै धेरै राजश्व बुझाउने कम्पनीको रुपमा आईएमई ग्रुपलाई परिचित बनाएका छन् ।

त्यसैगरी बित्तिय क्षेत्र, पर्यटन, जलबिधुत, लगायतमा लगानी गरेर अब्बल ब्यवसायीको रुपमा चिनाउन सफल ब्यतित्व र नेपालको ऐतिहासिक चन्द्रगिरी हिल्स जाहा श्री ५ पृथ्विनारायण शाहले राज्य एकीकरण गर्दा भालेश्वर महादेवलाई शक्ति मागेका थिए । त्यो ठाउँमा अन्तराष्ट्रियस्तरको केवलकारको निर्माण, रेष्टुरेण्ट, नेपाली उत्पादन त्याहाका स्टलहरुमा राखेर बेच्ने काम

त्यसैगरी नेपालमा बिकास हुन सकेन भनेर निराशा मात्र ब्यात्त गर्ने निरासावादी नेपालीहरुलाई चन्द्रगिरी हिल्स केवलकार निर्माण गरेर नेपाली कम्पनीले पनि अन्तराष्ट्रियस्तरको बिकास निर्माण गर्न सक्छ भन्ने उदारण पेश गरेर नेपालीहरुको शिर उच्च राखेका छन् । हरेक क्षेत्रमा मेहनतका साथ लागि पर्ने र सहि सत्यको पक्षमा काम गर्ने हुदा वास्तविक ब्यवसायी, उधोगी, ब्यापारीहरुले ब्यवसायमा सफल ब्यात्ति नै उधोग बाणिज्य महासंघको नेतृत्वमा पुऱ्याईयो भने ब्यवसाय र देशको हित हुन्छ भनी समग्र उधोगी, ब्यवसायीहरुको मतलाई बिश्वास गर्ने आधार बनेको छ ।

पुर्व अध्यक्षहरुको समर्थन

ढकाललाई नेपाल उधोग बाणिज्य महासंघका पुर्व अध्यक्षहरुको समर्थन प्रप्त देखिन्छ । पुर्व अध्यक्षहरुको मातहतमा रहेका सवै ब्यवसायीहरुले ढकाललाई समर्थन गर्ने भएपछि बिजय हुने चौथौ आधार हो ।

स्मरणीय कुरा के छ भने नेतृत्व जाहा पनि प्रतिस्पर्धावाट आएको नै राम्रो हुन्छ । आसन्न हुन गईरहेको उधोग बाणिज्य महासंघको निर्वाचनले असल नेतृत्व छानुन यही हाम्रो शुभकामना ।

## टोखा.......

थर्मल गन खरीदका लागि रू ३५ लाख ८१ हजार ८८६, सर्जिकल सामान खरीदका लागि रू चार लाख ९९ हजार ९६८, चीन सरकारबाट प्राप्त सामानको भन्सार खर्चका लागि रू दुई लाख ६ हजार ७३१ र पिसिआर ल्याब शुल्कका लागि रू एक लाख ५० हजार खर्च भएको आर्थिक शाखा प्रमुख अधिकारीले बताउनुभयो ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले कोभिड-१९ को बढ्दो संक्रमणलाई ध्यानमा राखेर पिसिआर परीक्षण र नगरवासीको उपचारलाई विशेष ध्यान दिइएको बताउनुभयो । टोखाले कोभिड-१९ का बिरामीको उपचारका लागि टोखामा आइसोलेशन सेन्टर स्थापना गरेर सेवा प्रदान गर्दै आइरहेको छ ।

## कोभिड......

'कुनै न कुनै दिन त समस्या बाहिर आइहाल्छ । यसको असर कोभिड सकिएपछि पनि देखिन सक्छ ।'

'कोभिड यता ६-७ प्रतिशत ऋण उठेन'

वाणिज्य बैंकहरुका सीईओको छाता संगठन नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहाल कोभिड महामारीले अर्थतन्त्रमा गहिरो प्रभाव पारेको बताउँछन् । यसका असरहरु बिस्तारै देखिने उनले बताए । लकडाउन खुलेपछि भने ऋण लगानीमा सुधार भएको र तिर्नेहरुको संख्या पनि बढ्ने देखिएको दाहालले बताए । उनका अनुसार, नतिर्नेको संख्या पनि सानो छैन । 'लकडाउन खुलेपछि यातायात क्षेत्रमा सुधार देखिए पनि होटल, विद्यालय, फिल्म हलहरु समस्यामै छन्', सानिमा बैंकका सिइओ रहेका दाहाल भन्छन्, 'यी क्षेत्रमा गएको ऋण तिर्न समस्या पर्ने देखिएको छ ।' राष्ट्र बैंकका अनुसार, २०७७ असार मसान्तसम्म लगानी भएको ३२ खर्ब ७६ अर्ब ऋणमध्ये १ खर्ब ७४ अर्ब रुपैयाँ हायर पर्चेजमा छ । त्यसमा पनि व्यक्तिगत प्रयोगका लागि ५९ अर्ब ऋण लगानी भएको छ । त्यस्तै, १ खर्ब १५ अर्ब रुपैयाँ व्यवसायीका लागि हायर पर्चेज लगानी भएको छ । यो जोखिमको लगानी हो ।

यस अवधीमा होटलमा मात्रै १ खर्ब १४ अर्ब रुपैयाँ लगानीमा रहेको छ । कोभिडका कारण धेरै ठूलो असर परेको क्षेत्र हो, होटल । राष्ट्र बैंकका अनुसार, यस अवधिमा रियल स्टेटमा ४ खर्ब १६ अर्ब र ओभरड्राफ्टमा ४ खर्ब ८९ अर्ब रुपैयाँ लगानीमा रहेको छ ।

आईएमएफको त्यो मिसन

पछिल्लो ४ वर्षमा बैंकहरुले निकै धेरै लगानी गरेका गरेका छन् । यो अवधिमा कर्जा लगानी दोब्बर बढेको छ । २०७२ असारमा बैंक तथा वित्तीय संस्थाहरुले १३ खर्ब ७४ अर्ब रुपैयाँ कर्जा लगानी गरेकामा २०७६ असार मसान्तसम्म आइपुग्दा यो रकम २९ खर्ब १० अर्ब पुग्यो । गत आर्थिक वर्षको अन्त्यसम्म कर्जा लगानी ६६ अर्बले बढेर ३२ खर्ब ७६ अर्ब रुपैयाँ पुग्यो । कर्जा लगानी अधिक हुँदा बैंकहरुले तरलता (लगानीयोग्य रकम) अभाव खेप्नुपरेको थियो । चार वर्षमा शतप्रतिशत कर्जा लगानी वृद्धि भएको विषयमा अध्ययनहरु पनि भए । आईएमएफले एउटा मिसन नै बनाएर अध्ययन गर्यो, जसको नाम थियो- 'आर्टिकल फोर' । त्यो मिसनले कर्जा लगानी धेरै विस्तार हुनुको कारण 'एभरग्रिनिङ' (कर्जा तिर्न कर्जा) भन्ने निश्कर्ष निकालेको राष्ट्र बैंकका एक अधिकारी बताउँछन् । उनी भन्छन्, 'त्यसले एउटा बैंकको कर्जा तिर्न अर्को बैंकबाट कर्जा लिने प्रचलन बढेको देखाएको थियो, जसले कर्जा लगानी धेरै देखिन्थ्यो ।' कोभिडपछि बैंकहरुले कर्जा लगानी गर्न सकेनन् । लकडाउन खुलेपछि भने कर्जा लगानी बढ्दै गएको छ । बैंकर्स संघका अनुसार पछिल्लो एक सातामा मात्र २७ वटा वाणिज्य बैंकले ११ अर्ब रुपैयाँ कर्जा लगानी गरेका छन् । अहिले कर्जा किन बढिरहेको छ भन्ने चासोको विषय भएको पूर्व बैंकर शर्मा बताउँछन् । 'किनभने, धेरै व्यापार-व्यवसाय अझै बन्द छन्, नयाँ शुरु भएको पनि होइन', उनी भन्छन् ।

# सुदूरपश्चिम प्रदेशमा ९० दिन पुग्ने पेट्रोलियम पदार्थ भण्डारण क्षमता विस्तार गरिँदै




काठमाडौं । नेपाल आयल निगमले सुदूरपश्चिम प्रदेशमा ९० दिन पुग्ने पेट्रोलियम पदार्थ भण्डारण क्षमता विस्तार गर्ने भएको छ । सरकार तथा नेपाल आयल निगमको घोषित नीति तथा कार्यक्रमअन्तर्गत निगमले प्रदेश नम्बर सातमा ९० दिनका लागि पेट्रोलियम पदार्थ भण्डारण क्षमता गर्न लागेको हो । हाल निगमसँग सुदूरपश्चिम प्रदेशमा तीन दिनको माग आपूर्ति गर्न सक्ने पेट्रोलियम पदार्थ भण्डारण क्षमता छ । यसैगरी, निगमसँग हालसम्म पेट्रोल भण्डारण नै छैन । निगमका अनुसारसुदूरपश्चिम प्रदेशमा तीन दिनलाई आपूर्ति गर्ने डिजेलको मात्र भण्डारण छ । पेट्रोल भण्डारणका कुनै डिपो छैन । निगमले सुदूरपश्चिम प्रदेशमा ट्यांकरबाट नै प्रदेशको माग आपूर्ति गरिरहेको छ । निगमका अनुसार सुदूरपश्चिम प्रदेशमा पेट्रोलियम पदार्थको दैनिक माग ४ सय किलो लिटर छ ।

सुदूरपश्चिम प्रदेशमा पेट्रोलियम पदार्थको माग आपूर्ति गर्न निगमसँग प्रर्याप्त भण्डारण छैन । भण्डारण नहुँदा निगमले धनगढीको कार्यालयस्थित सडकमै पेट्रोलियम पदार्थका ट्यांकर राखेर माग आपूर्ति गरिरहेको छ ।

सुदूरपश्चिम प्रदेशको वर्षौंदेखिको पेट्रोलियम पदार्थ आपूर्ति हुँदै आएकोसमस्यालाई समाधान गर्न निगमले करिब तीन महिनालाई पेट्रोलियम पदार्थ भण्डारण विस्तार गरी क्षमता बनाउन लागेको निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले जानकारी दिए ।

कार्यकारी निर्देशक पौडेलले सुदूरपश्चिम प्रदेशका पेट्रोलियम पदार्थ आपूर्तिका लागि १० हजार किलोलिटर क्षमताको डिजेल र ५ हजार पेट्रोल भण्डारण गर्न सक्ने क्षमताको डिपो बनाउने तयारी भएको बताए । भण्डारण डिपो निर्माणका लागि गोदावरी नगरपालिका-८ स्याउलेस्थित शिवशक्ति महिला सामुदायिक वनको मातहतमा रहेको करिब ३० बिघा जमिन प्रारम्भिक स्थलगत अवलोकन गरेको बताए ।

पेट्रोलियम पदार्थ भण्डारण डिपो निर्माणका लागि आइतबार उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टसहित गोदावरी नगरपालिका-८ स्याउलेस्थित शिवशक्ति महिला सामुदायिक वनको मातहतमा रहेको करिब ३० बिघा जमिन प्रारम्भिक स्थलगत अवलोकन गरेको कार्यकारी निर्देशक पौडेलले बताए । उनले सो जमिनमा पेट्रोलियम पदार्थ भण्डारण डिपो निर्माणका लागि जमिन दिनस्थानीय पनि सकारात्मक भएको बताए । कार्यकारी निर्देशक पौडेलले शिवशक्ति महिला सामुदायिक वनका डिपो निर्माण तथा पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तारका स्थानीय सकारात्मक नै भएको हुँदा अबको एक महिनाभित्र काम अघि बढाउने जानकारी दिए । यसैगरी, उनले शिवशक्ति महिला सामुदायिक वनको ३० बिघाको विल्कपमा टीकापुर नगरपालिमास्थित ५० बिघा सामुदायिक जमिन पनि रहेको बताए ।

निर्देशक पौडेलले भण्डारण क्षमता विस्तारका लागि गोदावरी नगरपालिका-८ स्याउलेस्थित शिवशक्ति महिला सामुदायिक वनको मातहतमा रहेको करिब ३० बिघा उपयुक्त देखिएको बताए । त्यहाँ रहेको वनको पनि धेरै फडानी गर्नु नपर्ने बताए ।

निगमका अनुसार धनगढीमा २ हजार ५ सय ५० किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण क्षमता रहेको छ । जसमा पेट्रोल ८५ डिजल १ हजार ५ सय ९०, मट्टीतेल ८ सय ३० र हवाई इन्धन ४५ किलोलिटर मात्र भण्डारण क्षमता रहेको छ । डिजल ३० र मट्टीतेल ३० गरी ६० किलोलिटर क्षमता भएको भण्डारण छ ।

# धार्मिक पर्यटकीयस्थल नखुल्दा व्यवसायी मारमा

कोरोना भाइरस संक्रमणबाट बच्न गत वर्ष चैत ११ देखि बन्दाबन्दी जारी गरिएसँगै बन्द रहेको धार्मिक पर्यटकीयस्थल नखुल्दा व्यवसायी भाडा समेत तिर्न नसक्ने अवस्थामा पुगेका छन् ।

विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध स्तुपअघि स्वर्णदीप मनि चेञ्जर सञ्चालन गर्दै आउनुभएका हरिप्रसाद घिमिरे व्यवसाय बन्द रहेकाले गत असारमा चार जना कामदारलाई बिदा दिएको बताउनुहुन्छ । बौद्ध क्षेत्रको विकासका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गठन गरेको बौद्धनाथ क्षेत्र विकास समितिको सटर भाडामा लिनुभएका घिमिरे भाडा तिर्न नसकेपछि सहुलियतको माग गर्दै कार्यालय पुग्नुभयो ।

घिमिरेलाई समितिका कार्यकारी निर्देशक वसन्त लामाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । बन्दाबन्दी खुलेर अरू धेरै क्षेत्र खुले पनि बौद्ध चैत्य पर्यटकका लागि खुला गरिएको छैन । बौद्धमा पर्यटक नआए घिमिरे जस्ता सयौँ व्यवसायीको व्यवसाय चल्दैन । बौद्ध क्षेत्रमै पर्यटकलाई नै लक्ष्य गरेर व्यवसाय गर्ने सयौँ व्यवसायी नौ महिनादेखि आम्दानी नहुँदा जीवन चलाउन मुस्किल हुन थालेको गुनासो गर्छन् ।

हातमा बोकेर नेपाली मौलिक उत्पादन पर्यटकलाई बिक्री गर्दै आउनुभएका रणबहादुर श्रेष्ठको अवस्था पनि उस्तै छ । नौ महिनादेखि काम नहुँदा हातमुख जोर्न धौधौ पर्न थालेको उहाँको गुनासो छ । स्वास्थ्य सुरक्षाका विधि अपनाएर धार्मिक पर्यटकीयस्थल खुला गर्नुपर्ने व्यवसायीको माग छ ।

बौद्ध क्षेत्रमा आव २०७४/७५ मा दुई लाख ५२ हजार ३०४ पर्यटक आएका थिए । यसैगरी आव २०७५/२०७६ मा दुई लाख ६४ हजार १६७ पर्यटक आए । आव २०७६/२०७७ मा भने दुई लाख २७ हजार ५२४ पर्यटक आएको कार्यकारी निर्देशक लामाले जानकारी दिनुभयो । गत आर्थिक वर्षको वैशाख, जेठ र असार मा बन्दाबन्दीका कारण एक जना पनि पर्यटक बौद्ध छिरेनन् ।

चालू आवको साउन, भदौ, असोज, कात्तिक र यो महिनाको पहिलो हप्ता बित्दा समेत पर्यटकीय क्षेत्र कहिले खुला हुने निश्चित छैन । बौद्ध क्षेत्रमा सार्क देशका पर्यटकसँग रू १०० र अन्य देशका पर्यटकसँग रू ४०० शुल्क लिने गरिएको छ । पर्यटकका लागि खुला नगरिँदा शुल्क नउठेकाले यस क्षेत्रका विकास निर्माणका कामसमेत प्रभावित भएको समितिका अध्यक्ष चन्द्रमान लामाले जानकारी दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघ

५४ औं वार्षिक साधारणसभा तथा निर्वाचन

हार्दिक अपिल

फुटवेयर म्यानुफ्याक्चरर्स एशोसियसन अफ, नेपालको तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत तर्फको कार्य समिति सदस्य पदमा उम्मेदवारी दिनु भएका यस एशोसियसनका निवर्तमान अध्यक्ष श्री रविनकुमार श्रेष्ठलाई अत्याधिक मतले विजयी गराई दिन हुन सम्पूर्ण वस्तुगत तर्फका प्रतिनिधिज्यूहरु समक्ष सादर अपिल गर्दछु ।

यहाँहरुको सहयोग प्रति सदैव आभारी रहने छु ।



रविनकुमार श्रेष्ठ

कृष्णकुमार फुयाल

अध्यक्ष

फुटवेयर म्यानुफ्याक्चरर्स एशोसियसन अफ, नेपाल

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप

प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस